का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ मंसिर २०८१,
मंगलबार
3 December, 2024
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक २८४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एक्लै लड्दा जितेको माओवादी



एमाले सोचेजस्तो बलियो छैन रहेछ, माओवादी भनिएजस्तो कमजोर भइसकेको रहेनछ

**डम्बर खतिवडा**
राजनीतिक विश्लेषक

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ मंसिर ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले एक्लै लडेर पनि निर्वाचनी उत्साह ल्याएको छ । सरकारमा सँगै रहेका नेपाली कांग्रेस र नेकपा एमालेले निर्वाचनी गठबन्धन नै गरेर कतिपय पदमा निर्वाचन लडेका थिए । कांग्रेस र एमालेका कतिपय नेताहरूले माओवादी एक्लै निर्वाचन लडे कमजोर हुने तर्क गर्ने गरेका थिए ।

तर, उपनिर्वाचनमा माओवादीले कांग्रेस र एमालेसँग एक्लै र कांग्रेस-एमाले गठबन्धन गरेको ठाउँमा समेत प्रतिस्पर्धा गरेको छ ।

४१ स्थानमा भएको निर्वाचनमा माओवादी केन्द्रले १ अध्यक्ष र १ उपमेयरसहित ९ पद जितेको छ । माओवादीले २०७९ सालमा जितेको रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिका जोगाएको छ ।

पुथा उत्तरगंगाको उपाध्यक्ष जोगाउन माओवादी केन्द्रले कांग्रेस र एमाले गठबन्धनको सामना गर्‍यो । यहाँ माओवादीकी नरपुरा बुढा विजयी भइन् ।

माओवादी केन्द्रले मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष, जाजरकोटको नलगाड नगरपालिका उपाध्यक्ष पद जितेको छ । यी दुवै पदका यसअघि कांग्रेसले जितेको थियो ।

पृष्ठ २ मा



**कृष्णमान डंगोल**
मेयर, कीर्तिपुर नगरपालिका
प्राप्त मत : ५,३३४



**नमोनारायण माझी**
अध्यक्ष, ग्रामथान गाउँपालिका
प्राप्त मत : ६,९६९



**जंगबहादुर शाही**
अध्यक्ष, महाबु गाउँपालिका
प्राप्त मत : ३,१२७



**देवका लामिछाने**
उपमेयर, नलगाड नगरपालिका
प्राप्त मत : ४,२७२



**नरपुरा बुढा**
उपाध्यक्ष, पुथा उत्तरगंगा गाउँपालिका
प्राप्त मत : ३,६२७



**सुलोचनाकुमारी भण्डारी**
उपाध्यक्ष, स्वामीकार्तिक खापर गाउँपालिका
प्राप्त मत : १,७४०



**उमा लुंगेली मगर शेर्पा**
उपाध्यक्ष, गौरीशंकर गाउँपालिका
प्राप्त मत : २,८०५

### नयाँलाई सन्देश
## अझै विश्वास बढाऊ



४१ पदमा भएको उपनिर्वाचनमा कांग्रेस, एमाले र माओवादीकै उम्मेदवार प्रतिस्पर्धी देखिए । काठमाडौं-१६ मा रास्वपाका उम्मेदवारले निर्वाचन जित्नुबाहेक अन्यत्र नयाँ दल र स्वतन्त्र उम्मेदवारहरूको उत्साहजनक उपस्थिति देखिएन । ४१ पदका लागि भएको निर्वाचनमा १०२ पृष्ठ २ मा

## कांग्रेसले जोगायो कीर्तिपुर, जोगिएनन् अरू

कांग्रेसले कीर्तिपुर नगरपालिकाको मेयर पद जोगाएको छ । कांग्रेस उम्मेदवार कृष्णमान डंगोल विजयी हुँदा माओवादीका शिवशरण महर्जन दोस्रो र एमालेका सुरेन्द्र मानन्धर तेस्रो भए । यो पालिकालाई राजनीतिक दलहरूले निकै महत्त्व दिएका थिए । महत्त्व दिएको पालिका जोगाएको कांग्रेसले अन्यत्र यसअघि निर्वाचन जितेको पालिका प्रमुख र उपमेयर गुमाएको छ ।

कांग्रेसले कर्णालीको महाबु गाउँपालिका उपाध्यक्ष तथा बाजुराको स्वामिकार्तिक खापर गाउँपालिका उपाध्यक्ष नै गुमाएको छ ।

पृष्ठ २ मा




### कांग्रेसमा भाँडभैलो
## कोइराला देउवाको टाउको दुखाइ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १७ मंसिर ।

नेपाली कांग्रेसको कोशी प्रदेशमा गुटगत लडाइँ चर्किएको छ । केही समयदेखि मत्थर देखिएको कांग्रेसको संस्थापन समूह कोशी प्रदेशमा संस्थापनइतर समूहका नेता डा. शेखर कोइराला समूहलाई रोक्न सक्रिय भएको छ । कोइराला समूहले १८ मंसिर मंगलबार विराटनगरमा प्रदेश सम्मेलन गर्दै छ ।

शेखर समूहले बोलाएको भेला रोक्न संस्थापन पक्षले भरमग्दुर प्रयास गरेको उक्त समूहका एक नेताको दाबी छ । कोइराला समूहले भेला बोलाएपछि केन्द्रले भेला नगर्न सोमबार 'सर्कुलर' नै जारी गरेको छ । सकुर्लरमा कोशी प्रदेशका सबै जिल्लाहरूमा २२ मंसिरअघि पार्टीको औपचारिक कार्यक्रम नभएको भनिएको छ ।

कोइराला समूहले भेलाका लागि पालिकाका सभापतिहरूलाई निमन्त्रणा गरेको छ । संस्थापन समूहले २२ मंसिरमा कोशीमा प्रदेश सम्मेलन आयोजना गर्दै छ ।

'२२ मंसिरपूर्व कोशी पृष्ठ २ मा



## आजको खेल
NPL NEPAL PREMIER LEAGUE

सुदूरपश्चिम रोयल्स VS विराटनगर किंग्स
बिहान ९: १५ बजे

चितवन राइनोज VS पोखरा एभेन्जर
दिउँसो १: १५ बजे

## भ्रष्टाचारी ठहर भएकालाई पेन्सन !

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १७ मंसिर ।

सर्वोच्च अदालतले आफैंले भ्रष्टाचारी ठहर गरेका एक कसुरदारको पेन्सनपट्टा नरोक्न अन्तरिम आदेश जारी गरेको छ ।

सुडान घोटालामा भ्रष्टाचारी ठहर भएका नेपाल प्रहरीका पूर्वमहानिरीक्षक ओमविक्रम राणाको पेन्सन रोक्न भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रेषित गरेको पत्र कार्यान्वयन नगर्न सर्वोच्चले अन्तरिम आदेश दिएको हो ।

सर्वोच्चका न्यायाधीशहरू कुमार चुँडाल र अब्दुल अजिज मुसलमानको इजलासले सुडान घोटाला प्रकरणका कसुरदारमध्येका एक राणाको पेन्सन नरोक्नू भनी अन्तरिम आदेश जारी गरेको हो ।

रिटमाथि सोमबार दोहोरो सुनुवाइपछि सर्वोच्चले मुद्दाको फैसला नभएसम्म पेन्सन रोक्न नहुने निवेदकको मागबमोजिम अन्तरिम आदेश दिएको छ । राणाकै पालामा भएको सुडानको बन्दोबस्तीको सामान किन्ने सम्झौतामा घोटाला भएको भन्दै विशेष अदालत र सर्वोच्च अदालतले राणासहित अन्य संलग्नहरूलाई भ्रष्टाचारी ठहर गरिसकेको थियो । विशेष अदालतको १ चैत २०६८ को फैसलाले राणासहित आरोपीहरू भ्रष्टाचारी ठहर भएका थिए ।



सुरक्षाकर्मीका लागि गुणस्तरहीन सामग्रीमा २८ करोड ८१ लाख, ६१ हजार ६२९ रुपैयाँ ३० पैसा भुक्तानी दिँदै भ्रष्टाचार गरेको दाबीसहित अख्तियारले ३ जना पूर्वआईजीपी र ठेकेदारसहित ३६ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । सर्वोच्चले ३ पूर्वआईजीपी, नेपाली ठेकेदार शम्भु भारती, विदेशी सप्लायर्ससहितलाई दोषी ठहर गरेको थियो ।

आयोगले भ्रष्टाचारको आरोपमा दोषी ठहर भएकाहरूलाई पेन्सन नदिनू भनी निवृत्तिभरण व्यवस्थापन कार्यालयलाई लेखेको पत्रपछि राणाको पेन्सन रोकिएको थियो ।

२०६३ भदौमा प्रहरी महानिरीक्षक भएका राणा २ असोज २०६५ मा अवकाश पाएका थिए । उनी आफैं अदालत पुगेका थिए, जसले गर्दा २० प्रतिशत छुट पाएका थिए । उनी कैद मुक्त भए पनि पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष
## म्यादी बीमाका लागि कामदारको १ अर्ब लगानी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ मंसिर ।

चालू आर्थिक वर्षको ४ महिनामा जीवन बीमा कम्पनीहरूले वैदेशिक रोजगार म्यादी बीमाबाट १ अर्ब रुपैयाँभन्दा बढी बढीको व्यापार गरेका छन् ।

वैदेशिक रोजगार विभागका अनुसार कार्तिक मसान्तसम्म २ लाख २७ हजार ८३ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् ।

नेपाल बीमा प्राधिकरणका अनुसार १० वटा जीवन र ३ वटा लघुजीवन बीमा कम्पनीले २१ लाख ६८ हजार ५५ वटा वैदेशिक रोजगार बीमालेख विक्री गरी १ अर्ब ५ करोड ६७ लाख ८७ हजार रुपैयाँ आर्जन गरेका हुन् ।

वैदेशिक रोजगार म्यादी जीवन बीमामा १६ देखि ६० वर्ष उमेर समूहका कामदारले १ देखि ५ वर्षसम्मको बीमा गर्ने गरेका छन् । देश र उमेरअनुसार म्यादी बीमाको रकम फरकफरक छ ।

वैदेशिक रोजगारीमा साउदी अरेबिया, कतार र यूएईसहित खाडीका देश र मलेसिया जाने कामदारहरूले १ हजार ५०० देखि ४ हजारसम्म तथा कोरिया र इराजरायल जाने कामदारले २ हजार ५०० को बीमा गर्नुपर्ने व्यवस्था छ । ठूलो संख्यामा खाडी मुलुक र मलेसिया जाने कामदारको श्रम स्वीकृति २ वर्षको हुने भए पनि म्यादी बीमा श्रम स्वीकृतिभन्दा १ वर्षभन्दा बढी अवधिको प्रिमियम तिरेर गराउँदै आएका छन् ।

३ वर्ष अवधिको म्यादी बीमा गर्दा कामदारको हित हुने भन्दै प्रिमियम रकम बढाइए पनि त्यसको प्रत्यक्ष लाभ भने बीमा कम्पनीले पाएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

४ महिनाको अवधिमा म्यादी बीमालेख विक्री गर्नेमध्ये सन नेपाल लाइफले सबैभन्दा धेरै ४६ करोड ५२ लाख २५ हजार रुपैयाँ संकलन गरेको छ । एसियन लाइफले २० करोड २० लाख ११ हजार, नेपाल लाइफले ८ करोड ९६ लाख ९७ हजार रुपैयाँको बीमालेख बेचेको छ ।

त्यस्तै, नेसनल लाइफले ८ करोड ३२ लाख २९ हजार, सानिमा लाइफले ५ करोड ३४ लाख ९५ हजार, सूर्यज्योति लाइफले ५ करोड १७ लाख ९ हजार, रिलायबल नेपाल लाइफले ४ करोड ३० लाख ५३ हजार, आइएमई लाइफले ३ करोड ६३ लाख २८ हजार, सिटिजन लाइफले २ करोड ९४ लाख २ हजार, प्रभु महालक्ष्मी लाइफले १२ लाख ८१ हजार र हिमालयन लाइफले ५ लाख ५५ हजार बीमा शुल्क संकलन गरेका छन् ।

पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१८ मंसिर २०८१, मंगलबार
3 December 2024, Tuesday

# चीनमा प्रधानमन्त्री ओलीलाई विशेष महत्त्व

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ मंसिर ।

नेपालका प्रधानमन्त्री केपी शर्मा ओली, कम्बोडियन पिपुल्स पार्टी (सीपीपी) का अध्यक्ष एवं सिनेटका अध्यक्ष सम्देक टेको हुन सेन र जर्मन विदेशमन्त्री एनालेना बेरबकलगायत विभिन्न देशका नेता सोमबार चीन पुगेका छन् । चिनियाँ सरकारको मुखपत्र मानिने ग्लोबल टाइम्सले भने नेपालका प्रधानमन्त्री ओलीको चीन भ्रमणलाई अन्य आमन्त्रितभन्दा विशेष महत्त्व दिएको छ ।

प्रधानमन्त्री ओली चिनियाँ राज्य परिषद्का प्रधानमन्त्री ली छ्याङको निमन्त्रणामा चीन पुगेका हुन् । प्रधानमन्त्री ओलीले यही २ देखि ५ डिसेम्बरसम्म चीनको औपचारिक भ्रमण गर्ने छन् । भ्रमणअघि चिनियाँ रणनीतिक महत्त्वको परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभमा



सत्तारूढ दल नेकपा एमाले र नेपाली कांग्रेसका वरिष्ठ नेताहरू र २ पार्टी संयन्त्रबीच विभिन्न एजेन्डामा गहन छलफल भएको भन्दै ग्लोबल टाइम्सले प्रधानमन्त्री ओलीले भारत भ्रमणभन्दा अघि चीन भ्रमण गरेकामा प्रशन्नता पनि व्यक्त गरेको छ ।

फुडान युनिभर्सिटीको सेन्टर फर साउथ एसियन स्टडिजका उपनिर्देशक लिन मिनवाङले भारतभन्दा पहिले चीन भ्रमण गर्ने ओलीको रोजाइ 'अप्रत्याशित होइन बरु दक्षिण एसियाली देशहरूको बढ्दो नीतिगत विकल्पको प्रतिबिम्ब हो' भन्न सकिने बताएका छन् ।

यसअघि सत्तामा आएपछि माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुले पनि भारतको सट्टा पहिले चीन भ्रमण गर्ने छनोट गरेका र अन्य दक्षिण एसियाली देशहरूले सक्रिय रूपमा चीनसँग सम्बन्ध विकास गरिरहेका समाचारमा उल्लेख छ ।

'यसले नेपालको आन्तरिक राजनीति र चीनप्रतिको नीतिमा आएको परिवर्तनलाई झल्काउँछ', लीलाई उल्लेख गर्दै ग्लोबल टाइम्सले लेखेको छ ।प्रधानमन्त्री ओलीले द्विपक्षीय सम्बन्धलाई प्रगाढ बनाउन सक्रिय भूमिका खेल्न नेपालमा दिएको अभिव्यक्तिलाई पनि समाचारमा समेटिएको छ । प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयका साथै नेपाल-चीन व्यापार मंचलाई सम्बोधन गर्ने छन् ।

# 'अपांगता समावेशी' व्यवस्थाको कार्यान्वयनको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ मंसिर

अपांगता भएका व्यक्तिहरूको ३३औँ अन्तर्राष्ट्रिय दिवस आज विश्वभर विविध कार्यक्रमहरूको आयोजना गरी मनाइँदैछ ।

नेपालमा पनि यो दिवसको अवसरमा दीप प्रज्वलन, प्रभातफेरी लगायतको कार्यक्रम गरी मनाइने राष्ट्रिय अपांग महासंघ नेपालले सोमबार पत्रकार सम्मेलन गरी जानकारी दिएको छ ।

महासंघका अध्यक्ष देवीदत्त आचार्यले नेपालले सार्वजनिक गरेको अवधारणा पत्र पढेर सुनाएका थिए । अध्यक्ष आचार्यले नेपालमा आयोजना गरिने विविध कार्यक्रमहरूको बारेमा, उक्त दिवस मनाउनका कारण र यसको महत्वलाई सर्वसाधारणको जानकारीको लागि सञ्चार माध्यमबाट उजागर गराइ अपांगता भएका व्यक्तिहरूको मानव अधिकार र अपांगता समावेशी विकास अवधारणा प्रवर्द्धन गराइ उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सबैको सहयोग, कृयाशिलता र सहकार्यको लागि आह्वान गर्ने अभिप्रायले विविध कार्यक्रमको आयोजना गरिएको बताए ।

यस्तै महासंघले नेपालका विपद्सम्बन्धी कानुन र नीतिमा समावेश 'अपांगता समावेशी' व्यवस्थालाई व्यवहारिक रुपमा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग गरेको छ ।




पत्रकार सम्मेलनमा पहुँचयुक्ततासम्बन्धी मापदण्ड अझै विस्तृत र अनिवार्य कार्यान्वयन गराउन सहरी विकास मन्त्रालय, प्रधानमन्त्री कार्यालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित अनुगमन गर्नुपर्नेसमेत माग गरिएको छ ।

'विपद् व्यवस्थापन र मानवीय संकटको अवस्थामा काम गर्ने अन्तर्राष्ट्रिय निकाय र गैर सरकारी संस्थाका कामलाई अपांगता समावेशी बनाउन पैरवी र प्राविधिक सहयोग गर्दै अपांगता भएका व्यक्तिका लागि कानुनमा भएका विभेदकारी व्यवस्थाहरू हटाउनका लागि पैरवी गर्नुपर्ने आवश्यकता देखिन्छ', विज्ञप्तिमा भनिएको छ ।

महासंघका महासचिव सुगम भट्टराईले अपांगता भएका व्यक्तिको कानुनी क्षमताको स्वीकार्यतालाई सुनिश्चित गर्न र सहयोगमा आधारित निर्णय प्रक्रियालाई प्रवर्द्धन गराउन पहल गर्नुपर्ने र अपांगताको परिभाषा र वर्गीकरणलाई वैज्ञानिक र अन्तर्राष्ट्रिय मान्यता अनुसार बनाउन त्यसमा समेटिन नसकेका अपांगता समूहलाई समेट्नका लागि पहल गर्नुपर्ने जोड दिए ।

अपांगता भएका व्यक्तिलाई उनीहरूको हक अधिकारको सुनिश्चितता गर्न, जनमानसमा चेतना फैलाउन, उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई विश्वभर एकीकृत रूपमा प्रवर्द्धन गर्न सन् १९९२ देखि अपांगता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस मनाउन थालिएको हो ।

यस वर्षको अपांगता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस २०२४ को मूल नारा अपांगता अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन र दिगो विकास लक्ष्यका अपांगतासम्बन्धी सूचक प्राप्ति गराउने ध्येयमा आधारित छ । जसले अपांगता भएका व्यक्तिको नेतृत्व र निर्णय प्रक्रियामा प्रभावकारी भूमिका जोड दिन्छ ।

उक्त धारा २९ मा रहेको राजनीतिक अधिकार र सार्वजनिक जीवनमा सहभागितासँग सम्बन्धित छ । जसले अपाङ्गता भएका व्यक्तिलाई राजनीतिक प्रक्रियामा समान र प्रभावकारी रूपमा सहभागी हुने अधिकार प्रदान गर्दछ ।

त्यस्तै यो वर्षको नारा दिगो विकास लक्ष्यको लक्ष्य १० र १६ मा रहेको समावेशी समाजको विकास र सामाजिक न्याय प्रवर्द्धनसँग सम्बन्धित छ ।

यस वर्ष संयुक्त राष्ट्रसंघले तय गरेको अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवस २०२४ को मूल 'इम्पिलिफाइङ दि लिडरसिप अफ परसन्स विथ डिजाविलिटिज फर एन इन्क्लुसिभ एण्ड सस्टेनेबल फ्युचर' रहेको छ भने सोही नाराको परिप्रेक्ष्यमा रही नेपाल सरकारद्वारा 'समावेशी तथा दिगो भविष्यको पूर्वाधार, अपांगता भएका व्यक्तिहरूको प्रवल नेतृत्व यसको आधार' तय गरिएको छ ।

# नागढुंगा–मुग्लिन सडकमा जनतालाई सास्ती




**काठमाडौं ⁄ मस–**
नागढुंगा-मुग्लिन सडकखण्डको अस्तव्यस्तताले जनतालाई सास्ती भएको भन्दै पहिला देश (नेसन फर्सट)ले सरकारको ध्यानकर्षण गराएको छ । सोमबार संवाद डबलीमा नेसन फर्सटले पत्रकार सम्मेलनको आयोजना गरी मंसिर २१ र २२ गते जनसंवाद तथा सद्भावना यात्रा गर्ने जानकारी दिएको छ । सो सडक खण्डको निर्माण कार्यलाई समयमा काम नगरी जनतालाई सास्ति दिएको नेसन फर्सट अभियानका संयोजक डा.नन्द प्रसाद कप्रीले बताएका छन् । कप्रील काम सुरु भएको ३ वर्ष वितिसक्दा पनि २५ प्रतिशत पनि काम नसकेकोले सरकारलाई ध्यानकर्षण गराउँदै आफूहरुले जनचेतनामुलक अभियान थालेको बताएका छन् ।

आफूहरुले अनुगमन र निरिक्षण गर्दा सडकमा चलेको मनपरीले अस्तव्यस्त बनाएकोप्रति चिन्ता व्यक्त गर्दै डा.कप्रीले भने,'सरकार भाषण र सपनाका पुन्तर बाँड्न व्यस्त छ, तर जनताको पीडा र दर्दमा ध्यान दिइरहेको छैन् ।' अधिवक्ता स्वागत नेपालले सरकारले मुग्लीन-नागढुंगा सडक खण्डको बेहाल आवस्थालाई समयमै ठिक पार्ने अभियान चलाउने संस्थालाई धन्यवाद दिँदै भने,'यहाँहरुले नितान्त नयाँ अभियान चलाउनुभयो, खुसी लाग्यो यसमा मेरो पनि साथ छ ।'

नेपालले विदेशबाट आउने अनुदानलाई देश र जनताको वृत्ति र विकासमा लाउनुको सट्टा सत्ता टिकाउन प्रयोग गरिरहेको आरोपसमेत लगाएका छन् । नेपालले पछिल्लो समय ओली सरकार आउने बित्तिकै देशले ठूलो ऋणको भारी बोकेको तर जनताको लागि भन्दा नेता तथा कार्यकर्ता पाल्न दुरुपयोग भएको आरोप लगाए ।

लघुवित्त तथा वित्तीय शोषणविरुद्धको संघर्ष समितिका अध्यक्ष मणिराम ज्ञवालीले वित्तीय शोषण व्यापक भएको बताए । ज्ञवालीले पुनर्निमाण प्राधिकरण र ठेक्का पट्टामा ५० प्रतिशत रकम भ्रष्टाचार हुने गरेको बताउँदै भने,'हामीसँग प्राधिकरणको भ्रष्टाचारको फाइल छ, ठेक्का पट्टामा झोले तथा पेटी ठेकेदारहरु तयार गरी चरम रुपमा देश लटिरहेका छन् ।'

सो अभियानका सह-संयोजक एसपीशाहले समयमै निर्माण कार्यलाई सम्पन्न गराउन दबाब दिन मंसिर २१ र २२ गते जनसंवाद एवं सद्भावना यात्रा गर्ने निर्णय गरिएको जानकारी दिए ।

इन्जिनियर कविल विक्रम शाहीले देशको भौतिक विकासका हरेक कार्यलाई अर्थोपार्जनको विषयमा केन्द्रित गरिनुको परिणाम सो सडक खण्डमा समस्या आएको बताए ।

अभियानका उप-संयोजक सुनिता पाखिन, विष्णुप्रसाद ओझालगायत उपस्थित सो कार्यक्रमलाई सचिव नारायणहरी तिवारीले सञ्चालन गरेका थिए ।

## एक्लै...

यसअघि जितेको ५ वटा वडा गुमाएको माओवादीले यसअघि कांग्रेस र एमालेले जितेका ५ वटै वडामा आफ्नो उम्मेदवारलाई विजयी गराएको छ । यसलाई कतिपयले माओवादी एउटा शक्तिको रूपमा रहेको रूपमा बुझ्नुपर्ने मत प्रकट गरेका छन् ।

राजनीतिक विश्लेषक डम्बर खतिवडा उपनिर्वाचनले दह्रिलो सन्देश दिएको बताउँछन् । उनी भन्छन्, 'एमाले सोचेजस्तो बलियो छैन रहेछ, माओवादी भनिएजस्तो कमजोर भइसकेको रहेनछ ।'

साथै, पुराना दलमा पनि दलहरूको सोचेजस्तो जनमत नरहेको देखिएको उनीहरूको मत छ । विश्लेषक खतिवडा भन्छन्, 'कांग्रेसलाई कम्युनिस्टका ३ ठूला घटक एमाले, माओवादी र एसबीचको भोट काटाकाटले सिटमा राम्रै फाइदा भयो तर लोकप्रिय मतमा खासै उन्नति देखिएन ।'

## अझै...

जना त स्वतन्त्र उम्मेदवार नै थिए । नयाँ भनिएका दलसहित २० वटा दल निर्वाचनको मैदानमा थिए । तर, प्रतिस्पर्धामा कांग्रेस, एमाले र माओवादीका उम्मेदवार नै देखिए ।

नगरपालिका प्रमुख १, उपमेयर १, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष ४ र वडाध्यक्ष ३३ गरी ४१ पदका लागि उपनिर्वाचन भएको हो । ४१ मध्ये रास्वपाले विभिन्न २६ पदमा निर्वाचन लडेको थियो । त्यसमध्ये काठमाडौं महानगरपालिका- १६ को वडा अध्यक्षमा रास्वपाकी उम्मेदवार रोजिना श्रेष्ठ विजयी भइन् । रास्वपाकी श्रेष्ठ २ हजार ९०२ मत ल्याएर निर्वाचित हुँदा एमालेका लक्ष्मीरत्न तुलाधर २ हजार २२० मत ल्याएर दोस्रो भए । अन्य अधिकांश ठाउँमा रास्वपाका उम्मेदवार पाँचौं र छैठौं स्थानमा रहे ।

कुल ४१ पदमध्ये २ ठाउँको परिणाम आउन बाँकी छ । निर्वाचन आयोगका अनुसार निर्वाचनको परिणाम सार्वजनिक भएका स्थानमध्ये कांग्रेसले १७, एमालेले ७, मओवादीले ९, रास्वपाले १, नेकपा एसले १, जसपा नेपालले २, नेमकिपाले १ र स्वतन्त्रले १ ठाउँमा निर्वाचन जितेका छन् ।

झापाको कन्काई नगरपालिका- ६ मा स्वतन्त्र उम्मेदवार लक्ष्मीप्रसाद ओली विजयी भएका छन् । ओली ४९३ मतसहित निर्वाचित हुँदा एमाले उम्मेदवार दोस्रो र कांग्रेस उम्मेदवार तेस्रो भए ।

राजनीतिक विश्लेषकहरू उपनिर्वाचनले पुराना दलको विकल्पमा नयाँ दल देखिन नसकेका बताउँछन् ।

## कांग्रेसले...

कांग्रेसले ताप्लेजुङ मोरङ, ओखलढुंगामा र उदयपुरमा पराजय बेहोरेको छ । मधेश प्रदेशमा कांग्रेसले ३ वटा वडा गुमाएको छ । कांग्रेसले २०७९ सालमा जितेको मोरङ ग्रामथान गाउँपालिका अध्यक्ष पद माओवादी केन्द्रलाई सुम्पिएको छ । यहाँ माओवादी उम्मेदवार नमोनारायण माझीले ६ हजार ९६९ मतसहित जित हासिल गर्दा कांग्रेस उम्मेदवार बलराम सरदारले ५ हजार ३३३ मत मात्र प्राप्त गरे ।

## कोइराला...

प्रदेशस्तरीय पालिका सभापतिहरूको भेला भनि प्रचारित कार्यक्रममा सहभागी हुनुपर्ने ⁄ नपर्ने स्पष्टताका लागि जिल्लाहरूबाट केन्द्रमा सम्पर्क गरिएकाले त्यसअघि प्रदेशस्तरीय पार्टीको कुनै पनि कार्यक्रम नरहेको जानकारी गराइन्छ', मुख्य सचिव कृष्णप्रसाद पौडेलले जारी गरेको सर्कुलरमा भनिएको छ ।

कांग्रेसको वैधानिक प्रावधानअनुरूप सबै तहमा वर्षमा एक पटक सम्मेलन गर्नुपर्छ । कोशी प्रदेशको सम्मेलन घोषणा गरिए पनि हुन सकेको थिएन ।

प्रदेशको सम्मेलन अगावै गर्न लागिएको प्रशिक्षण कार्यक्रमले कांग्रेसभित्र चरम विवाद उत्पन्न भएको छ । संस्थापन समूह र इतर समूहले केही दिनको फरकमा २ फरक भेला आयोजना गर्दा कांग्रेसभित्रका गुटगत प्रतिस्पर्धा चरम उत्कर्षमा पुगेको छ ।

मोरङका १७ वटा पालिकाको आयोजनामा कोइराला समूहले प्रदेशभरिका सबै पालिकाका सभापति र महानगर सभापतिहरूको भेला बोलाएको हो । मोरङका १७ वटै पालिकाका आयोजक भनिए पनि विराटनगर महानगरका सभापति दीपक चापागाईंलाई कार्यक्रमको संयोजक तोकिएको छ । उपसंयोजक भने बेलबारी नगरपालिकाका सभापति छत्र लिम्बू छन् । १४औं महाधिवेशनपछि कांग्रेसभित्र विवाद भए पनि समान्नातर संगठनको अभ्यास भएको थिएन । तर, अहिले कोइराला समूहले समानान्तर अभ्यास गर्न खोजेको देखिएको छ । इतर समूहले सम्मेलनको मिति सार्वजनिक गरेर कोशी प्रदेशमा गुटगत भेला गर्न लागेपछि संस्थापन पक्ष भने त्यसलाई रोक्ने प्रयासमा लागेको हो । त्यही प्रयासअनुसार नै केन्द्रीय कार्यालयले विज्ञप्ति निकालेर २२ मंसिरअघि कुनै कार्यक्रम नभएको बताएको छ ।

संस्थापन पक्षको भेला आधिकारिक नभएको संस्थापन पक्षका एक नेताले बताए । 'कोइराला पक्षको भेलालाई रोक्ने भन्दा पनि पार्टीले नै तय गरेको कार्यक्रम समयमै हुनुपर्ने जोड हो', ती नेताले भने ।

कोइराला समूहले यसअघि पनि कोशीमा भेला गर्ने प्रयास गरेको हो । पार्टीको निर्णयविपरीत कोशीमा नयाँ सरकार बनाउन पनि यो समूहले गुटको अभ्यास गरेको थियो । गत वर्ष असोजमा पार्टीले माओवादी केन्द्रका नेता इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउन निर्देशन दिए पनि कोइराला समूहले विद्रोह गरी एमालेसँग मिलेर केदार कार्कीलाई मुख्यमन्त्री बनाएको थिए । यद्यपि, कोइरालाले उक्त विद्रोहलाई लामो समय लैजान भने सकेनन् ।

कोशी प्रदेशमा विद्रोहको प्रयास कोइरालाले पटकपटक गरेका छन् । अहिले पनि त्यही अभ्यासको निरन्तरताका रूपमा हेरिएको छ । पछिल्ला दिनमा कोइराला समूहभित्र पनि विवाद देखिएको छ । कोइराला र महामन्त्री गगन थापाको सम्बन्ध चिसिएको छ । थापा अहिले सभापति शेरबहादुर देउवा समूहमा पुगेका छन् ।

केन्द्रको निर्देशनविपरीत कोइराला समूहले भेला गरे महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माको भूमिका के हुने ? अहिले चासोको विषय बनेको छ ।

कांग्रेस कोशी प्रदेश सभापति उद्धव थापा पार्टीले प्रदेश सम्मेलन गर्ने निर्णय गरिसक्दा गुटका नाममा अर्को भेला गर्नु पार्टी नीतिविपरीत भएको बताउँछन् ।

प्रदेश सम्मेलन विराटनगरमा उद्घाटन गरेर बेलबारीमा समापन हुने कार्यक्रम छ । प्रदेशका १३७ वटा पालिकाका सभापति र ६ वटा महानगरका सभापतिहरू सम्मेलनमा सहभागी हुने छन् । कोइराला समूहले बोलाएको भेलालाई लिएर कांग्रेसका दुवै समूहबीच आरोप-प्रत्यारोप पनि चलेको छ । संस्थापन समूहले सम्मेलन असफल बनाउन सभापतिहरूको प्रशिक्षण आयोजना गरिएको भन्दै शेखर समूहको आलोचना गरेका छन् । शेखर समूहले सम्मेलन सफल बनाउन नै प्रशिक्षण पनि राखिएको भन्दै भेलाको बचाउ गरेको छ । प्रदेश अधिवेशनको तयारीमा रहेको संस्थापन पक्षका नेताहरूले शेखर समूहले पार्टीको कार्यक्रम असफल पार्न उस्तै समय पारेर समानान्तर भेला गर्न लागेको बताएका छन् ।

प्रदेश सभापति थापाले सम्मेलनमा पालिका सभापतिहरूको प्रशिक्षणका विषयमा आफूलाई औपचारिक जानकारी नभएको बताए । उनले भने, 'हामी अहिले प्रदेश अधिवेशनको तयारीमा छौं । प्रशिक्षणका बारेमा थाहा छैन ।'

कार्यक्रम संयोजक तथा विराटनगर महानगर समितिका सभापति दीपक चपागाईंले १३७ वटा पालिकामध्ये ११३ वटा पालिकाका सभापतिहरू कार्यक्रममा आउने पक्का भएको बताए । 'संघीयता आयो तर कांग्रेसका पालिका सभापतिहरूको क्षेत्र अधिकारका बारेमा अझै स्पष्ट भएको छैन । स्पष्टताका लागि प्रशिक्षण कार्यक्रम राखिएको हो', उनले भने ।

संस्थापन पक्षले गर्ने कार्यक्रममा नेताहरू एनपी साउद, डीना उपाध्याय, डा. मीनेन्द्र रिजाल, गुरुराज घिमिरेसहितका नेताहरू उपस्थित हुने छन् ।

## भ्रष्टाचारी...

पेन्सन भने बुझिरहेका थिए । तर, अख्तियारले भ्रष्टाचार मुद्दामा दोषी ठहर भएको व्यक्तिलाई पेन्सन नदिनू भनी निवृत्तिभरण व्यवस्थापन कार्यालयलाई पत्र लेखेको थियो । उक्त पत्रका आधारमा पेन्सन रोकिएपछि त्यसविरुद्ध राणाले १३ साउनमा सर्वोच्चमा रिट दायर गरेका थिए ।

रिट निवेदन दर्ता भएको करिब ४ महिनापछि सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको हो । आदेशको विस्तृत विवरण सार्वजनिक भएको छैन ।

सर्वोच्च अदालतको अन्तरिम आदेशले भ्रष्टाचारको कसुरमा दोषी ठहर भएका व्यक्ति र तिनीहरूले कसुरदार भएबापत राज्यबाट प्रदान हुने सामाजिक सुरक्षा गुमाउनुपर्ने मान्यता थियो । तर, अदालतको अन्तरिम आदेशले उक्त मान्यतामाथि नयाँ प्रश्नको सिर्जना गरेको छ ।

१७ वैशाख २०७४ मा सर्वोच्च अदालतले सुडान भ्रष्टाचार मुद्दाको फैसला गर्दै राणालगायतलाई कसुरदार ठहर गरेको थियो । तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्की र न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको इजलासले राणालाई २ वर्ष कैद र १७ करोड ६ लाख ८२४ रुपैयाँ जरिमाना हुने फैसला सुनाएको थियो । तर, उनीहरूलाई २ वर्ष कैद गर्ने विशेषको फैसला सदर गरेको थियो भने जरिमाना ५० हजार रुपैयाँ मात्र तोकेको थियो । सर्वोच्चले १७ वैशाख २०७४ मा उक्त विवादमा फैसला सुनाएको थियो ।

अख्तियारले सुडान प्रकरणमा २८ करोड ८१ लाख रुपैयाँ भ्रष्टाचार भएको दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो । सर्वोच्चको अन्तरिम आदेशपछि राणाले मुद्दाको टुंगो नलागुञ्जेलसम्म नियमित पेन्सन पाउने छन् ।

सेवा निवृत्तिभरण व्यवस्थापन कार्यालयले उपलब्ध गराएको विवरणअनुसार राणाले अवकाश पाउँदा १६ हजार ५४० रुपैयाँ पाउँथे । नियमअनुसार बढ्दै गएर अहिले उनले मासिक ४९ हजार ६८ रुपैयाँ पाउँछन् । उनले अवकाश पाएदेखि भदौसम्म ६५ लाख रुपैयाँ बराबर रकम बुझिसकेका छन् । सर्वोच्चको अन्तरिम आदेशपछि उनले अब पेन्सनको रकम पाउने छन् ।

## म्यादी...

लिबर्टी माइक्रो लाइफले ४ लाख ९४ हजार, क्रेष्ट माइक्रो लाइफले १ लाख ८६ हजार र गार्डिन माइक्रो लाइफले १ लाख २० हजार रुपैयाँको विक्री गरेका छन् ।

अत्यन्तै न्यून जोखिम र उच्च नाफा हुने वैदेशिक रोजगारीमा जाने कामदारको म्यादी जीवन बीमालेख विक्रीको निजी क्षेत्रका जीवन बीमा कम्पनीबीच प्रतिष्ठा प्रतिस्पर्धाको विषय बनेको छ ।

## तपाईंको राशिफल

मेष : राजकीय कार्यमा वृद्धि हुनेछ । नयाँ सम्पर्क बढ्नेछ । शत्रु परास्त हुनेछन् । यद्यपि, अनावश्यक खर्चको योग छ । वाणी संयम राख्नु होला । लामो यात्राको योग छ । बाहिरी सहयोग र सम्मान बढ्नेछ । आज अल्छीमा वृद्धि हुनेछ ।

वृष : रचनात्मक कार्यमा सफलता मिल्नेछ । मनोरञ्जनको योग छ । जीवनसाथीको सहयोग प्राप्त हुनेछ । व्यवसायमा फाइदा हुनेछ तथा जनसम्पर्कमा वृद्धि हुनेछ । अर्कामाथि भने भरोसा गर्ने समय छैन ।

मिथुन : कार्य सफल हुनेछ । नौलो कार्यमा प्रगति हुनेछ । आध्यात्मिक यात्रा हुने योग छ । व्यापारमा वृद्धि हुनेछ । खर्चमाथि नियन्त्रण राख्नु होला । रोकावटपछि सफलता प्राप्त हुनेछ ।

कर्कट : शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा सन्तुलन राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । व्यस्तता बढी भए पनि आम्दानी भने कम हुने छ । पारिवारिक स्वास्थ्यको कारण समस्या हुनसक्छ ।

सिंह : आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ । नयाँ सम्पर्क बढ्नेछ । पराक्रममा वृद्धिको योग छ । अनावश्यक विवाद हुने योग छ । बढी व्यस्तता रहनेछ । आकस्मिक धन लाभको योग छ । प्रियजनसँग भेट हुनेछ ।

कन्या : पदोन्नतिको योग छ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । जग्गा खरिद हुने योग छ । व्यापारिक कार्यमा प्रगति हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । वाणीमा भने संयम राख्नुहोला । जोखिम लिनु हुँदैन ।

तुला : जीवनमा समझदारी र सुझबुझ राखेर अगाडि बढ्नुपर्छ । प्रगतिसँगै आत्मबल बढ्दै जानेछ । आयको नौलो स्रोत बन्ने योग छ । व्यक्तिगत सम्बन्धले मनमा बेचैनी दिनेछ ।

वृश्चिक : वाहन चलाउँदा सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ । शैक्षिक कार्यमा प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ, धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।

धनु : नयाँ काम बन्ने योग छ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । वाहन सावधानी जरुरी छ । धार्मिक कार्यमा सहभागी हुने योग छ । आयमा वृद्धि हुनेछ । राजनैतिक कार्यमा रोकावटको योग छ । सबै कार्यमा धैर्यता जरुरी छ ।

मकर : प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ । उन्नतिको मार्ग प्रशस्त हुनेछ । साथीभाइबिच सम्बन्ध राम्रो भइरहनेछ, बाहिरी सहयोग प्राप्त हुनेछ । सम्मानमा वृद्धि हुनेछ । विधार्थीहरुको लागि समय अनुकूल छ ।

कुम्भ : आजको दिन धेरै शुभ छ । जनसम्पर्कमा वृद्धि हुनेछ । पुरानो मित्रसँग भेटघाट हुनेछ । शैक्षिक कार्यमा प्रगति हुनेछ ।

मीन : सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्ने योग छ । आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ । बाहिरी सहयोगमा कमी आउनेछ । स्वास्थ्य राम्रो रहनेछ । खर्चमाथि विशेष नियन्त्रण आवश्यक छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

दासप्रथा उन्मूलन दिवस

# कागजमा मुक्त, व्यवहारमा समस्या

**काठमाडौं/मस**–नेपालमा सबै प्रकारका दासप्रथामा आधारित क्रियाकलाप वर्जित छन्, यद्यपि विभिन्न स्वरूपका अवशेषबारे आजपर्यन्त चर्चा भइरहेको छ। यसरी चर्चा हुनेमध्ये एउटा हो–कमैया प्रथा। मुलुकमा कमैयामुक्ति घोषणा भएको दुई दशकभन्दा बढी भइसकेको छ। दासत्वको डरलाग्दो स्वरूप मानिएको यो प्रथा संवैधानिक र कानुनी रूपमा दण्डनीय भनिए पनि व्यवहारमा भने कस्तो छ? धेरैले उठाउने प्रश्न हो यो।



अनुसन्धानकर्ता भूमिका थारुलाई पनि यस्तै प्रश्नको उत्तर खोज्ने मन लागेछ। उनी मुक्तकमैयाको वर्तमान अवस्थामाथि अध्ययन गर्न एक वर्षअघि लुम्बिनी प्रदेशको दाङ पुगे। थारुले अध्ययनको क्रममा थाहा पाए मुक्तकमैया र कम्लरीको अवस्था कागजमा भनिएजस्तो पूर्ण रुपमा मुक्त नभएको रहेछ। उनले भने, 'अध्ययन गर्दा पो थाहा पाए दासत्वको पीडा त अझै अवशेषमा रहेछ।'

सरकारले मुक्तकमैयाका छोराछोरीलाई स्नातकसम्म निःशुल्क पढाउँदै आएको थियो तर कोभिड महामारीपछि कक्षा १२ सम्म मात्रै छात्रवृत्ति सुविधा दिने गरिएको छ। यसले मुक्तकमैया पीडित भएको चौधरीको अध्ययनमा देखियो।

यस्तै, २०७० साल असार १३ गते सरकारले देशलाई कम्लरी मुक्तिको घोषणा गर्‍यो तर पनि मुक्तकम्लरीले दासत्वबाट मुक्ति पाएको अनुभूति गर्न नसकेको जानकारहरू बताउँछन्। मुक्तकम्लरी विकास मञ्चका केन्द्रिय अध्यक्ष हीरा चौधरीकाअनुसार पूर्वकम्लरीको न्यायोचित पुनःस्थापना नहुँदा धेरैले समस्या भोग्नुपरेको छ। 'मालिकको घरमा हुँदा बरु च्यातिएका लुगा र बचेखुचेको खान त पाइएको थियो', चौधरी भन्छन्, 'अहिले त घर न घाट भएका छौँ। न सरकारले काम दिएको छ न त मालिकले काम दिने अवस्था छ।'

देशभर १२ हजार सात सय ६९ पूर्वकम्लरी छन्। हालसम्म पनि सरकारले उनीहरूको उचित पुनःस्थापना गर्न नसकेको अध्यक्ष चौधरीले बताए। जसका कारण कतिपय मुग्लानमा गएर कष्टपूर्ण जीवन बिताउन बाध्य छन्। कसैले बिहे गरे। कोही दैनिक ज्यालादारी गरेर पेट पालिरहेका छन्। अध्यक्ष चौधरी काजगमा मुक्त हुँदैमा व्यवहारमा मुक्ति नपाइएको बताउँछन्। उनी भन्छन्, 'हाम्रो लागि दासत्व हटेको छैन, बरु समस्यामाथि समस्या थपिएका छन्।'

राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन २०७९ अनुसार मानव बेचबिखनलाई आधुनिक युगको दास प्रथाको रूपमा स्वीकार गरिएको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन र वाक फ्रि फाउण्डेसनले अन्तर्राष्ट्रिय आप्रवासन संगठनसँगको सहकार्यमा सन् २०१७ मा गरेको अध्ययनमा विश्वमा चार करोड मानिस आधुनिक दास प्रथाको शिकार भएका छन्। जसमध्ये दुई करोड ५० लाख बाध्यकारी श्रममा र एक करोड ५० लाख बाध्यकारी विवाहमा प्रयोग भएका अध्ययनमा उल्लेख छ। प्रतिवेदनले विश्वका प्रत्येक एक हजार व्यक्तिमा चा दशमलव पाँच जना आधुनिक दासतामा बाँच्न बाध्य छन्। यस्ता व्यक्तिमध्ये पाँच दशमलव नौ वयस्क र चार दशमलव चार बालबालिका आधुनिक दासताको शिकार भएका छन्। कुल पीडितमध्ये ७१ प्रतिशत महिला तथा बालिका रहेको जनाइएको छ। यसले मानव बेखबिखनमा सबैभन्दा प्रभावित महिला तथा बालिका भएको पुष्टि गर्दछ।

दासत्वको चरम संघर्षमा रहेका समुदायमध्ये हलिया, हरवाचरवा पनि हुन्। गत वर्ष भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अधिवक्ता श्याम श्रेष्ठको संयोजकत्वमा मुक्तकमैया कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति गठन गरेको थियो। समितिका सदस्य गणेश विकका अनुसार त्यसबेला देशका २२ जिल्लामा पुगेर प्रतिवेदन तयार पारिएको थियो। समितिले सरकारलाई प्रतिवेदन र त्यसको कार्यान्वयनका लागि निर्देशिकासमेत बुझाए पनि हालेसम्म व्यवहारमा लागू नभएको अधिकारकर्मी विक बताउँछन्। उनले हरवचरवाहरूका सन्दर्भमा राज्यले मुक्तिको घोषणाबाहेक केही गर्न नसकेको बताए।

देशभर रहेका करिब एक लाख हरवाचवा समस्यामा छन्। सदियौँदेखि साहुको घरमा गोठालो बनेर जीविको चलाउँदै आएका यस समुदायका व्यक्ति पछिल्लो समय थप शोषण भन्ने अवस्थामा रहेका विकको भनाइ छ। 'मुक्तिको घोषणा गरिएको छ तर पुनःस्थापनाका काम अगाडि बढेका छैनन्। सामान्य लगत संकलन र पहिचानको काम पनि अगाडि बढेको छैन। सदियौँदेखि दासत्वको पीडामा पिल्सिएका हरवाचरवा मुक्त गरेर अलपत्र छोडेको भनेर आक्रोसित छन्, उनले भने। हरेक वर्षको डिसेम्बर २ तारिखका दिन अन्तर्राष्ट्रिय दासप्रथा उन्मूलन दिवस मनाउने गरिन्छ। सन् १९४९ देखि यो दिवस संयुक्त राष्ट्रसंघ र सदस्य राष्ट्रलगायत संसारभरि मनाउने चलन छ। नेपालमा श्री ३ चन्द्र शमशेर जंगबहादुर राणाले ९८ वर्षअघि विसं १९८३ मा दासप्रथा उन्मूलनको घोषणा गरेका थिए।

# यौन तथा प्रजनन स्वास्थ्य अधिकारका विषयमा छलफल



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १७ मंसिर

किशोर किशोरी यौन तथा प्रजनन्, स्वास्थ्य अधिकारमा सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्थाबारे छलफल सम्पन्न भएको छ।

गेरुवा गाउँपालिकाको समन्वय तथा प्लान इन्टरनेसनल नेपाल र कोरिया इन्टरनेशनल कोप्रेसन एजेन्सी (कोईका) को आर्थिक सहयोगमा राधाकृष्ण थारु जनसेवा केन्द्र बर्दियाले कार्यक्रमको आयोजना गरेको हो।

किशोर किशोरी यौन तथा प्रजनन्, स्वास्थ्य अधिकारका सवालमा स्थानीय तह र सरोकारवालाहरु लाई थप जिम्मेवार बनाउन कार्यक्रमको आयोजना गरिएको अनुगमन तथा मूल्यांकन अधिकृत सुमित्रा पौडेलले बताइन्।

कार्यक्रममा नेपाल तथा बर्दिया र गेरुवा गाउँपालिकामा किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्यको वर्तमान अवस्था, यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नीतिगत व्यवस्था, संवैधानिक व्यवस्था, नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय नीतिगत व्यवस्थाहरू, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐनमा भएका व्यवस्थाहरुको बारेमा सहजीकरण गर्दै स्वास्थ्य कार्यालय बर्दियाकी पब्लिक हेल्थ नर्स अधिकृत पदमा श्रेष्ठले परियोजनाले सञ्चालन गरेका र गर्ने कार्यहरूका बारेमा जानकारी गराएकी थिइन्।

गेरुवा गाउँपालिकाका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीको अध्यक्षता तथा अध्यक्ष जमान सिंह के. सी. को प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा वडा अध्यक्षहरू, परियोजना विषयगत शाखाका प्रमुखहरू, परियोजना सञ्चालन भएका विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा स्वास्थ्य चौकीका प्रतिनिधि, विद्यालयमा गठित किशोर किशोरी क्लबका प्रतिनिधिहरू, सञ्चारकर्मी लगायत सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

# गढीमाई मेलाको उद्घाटन



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १७ मंसिर

गढीमाइको पहिलो पूजा हुने स्थान गुजरा नगरपालिका -४ कनकपुरमा पञ्चवर्षीय गढीमाईको मेला विधिवत् रूपमा उद्घाटन भएको छ। मेला अध्यक्ष पलट चौधरीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि गुजरा नगरपालिकाका मेयर सन्तलाल चौधरीले सोमबार एक विशेष कार्यक्रमबीच पञ्चवर्षीय गढीमाईको मेला विधिवत् रूपमा उद्घाटन गरेका हुन्।

एक हप्तासम्म लाग्ने यो मेलामा विभिन्न खेल तमासाको साथ साथै मनोरञ्जनको पनि व्यवस्था गरिएको छ। पूर्वकालदेखि नै रौतहटको गुजरा नगरपालिका सिमरी गाउँका मूल तान्त्रिक दुखन धामी कछडिया, मूल पुजारी मंगल चौधरीसंग मिलेर सबैभन्दा पहिला गुजरा नगरपालिका -४ कनकपुरमा रहेको यो मन्दिरमा पाहिलो पुजा गरि गढीमाईको विशेष पूजा आराधाना गरेर यहाँबाट अगरवती जलाउँदै जाने र बाराको बरियारपुर गढीमाई मन्दिरमा धामीले आफ्नो शरीरको पाँच स्थानबाट रगत निकाली नर वली स्वरुप चढाउँदै आएका छन्।

मूल तान्त्रिक धामीको केही समय अघि निधन भएपछि मान्यता अनुसार यस पटक उनको जेष्ठ छोरा उमाशंकर धामी कछाडियाले मूल तान्त्रिकको रुपमा आफ्नो शरीरको ५ स्थानबाट रगत निकालेर गढीमाईलाई चढाउने बताएका छन्। त्यसअघि मन्दिरमा रातभरी पूजा हुन्छ। उद्घाटन कार्यक्रममा मौलापुर नगरपालिकाकी मेयर रिना कुमारी साह कटहरिया नगरपालिकाकी उपमेयर रिता यादव फतुवा बिजयपुर नगरपालिकाका मेयर प्रत्याशी अजय तिम्ल्सिना, कटहरिया नगरपालिकाका मेयर प्रत्याशी रामप्रवेश दास, कटहरिया नगरपालिका वडाध्यक्षहरु भुपेन्द्र महतो कोइरी, श्यामकान्त यादव लगाएतका बक्ताले मेलाको शुभकामना दिंदै गढिमाइको बारेमा चर्चा गरेको थियो। गढीमाई मन्दिरमा छोरा छोरी प्राप्ति, असाध्य रोग निको पार्न, सुस्वास्थ र दीर्घायुको लागि, धनधान्य प्राप्ति तथा चाहना अनुसार भाकल पूरा हुनेहरुले बलि दिने गरेको जनविश्वास रहिआएको छ।

# घूस रकमसहित प्रहरी नायब निरीक्षक नियन्त्रणमा

रोल्पा/मस- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस रकमसहित प्रहरी नायब निरीक्षकलाई नियन्त्रणमा लिएको छ।

अख्तियारले रोल्पाका ट्राफिक प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रहरी नायब निरीक्षक (सइ) ललित कुमार बुढाथोकीलाई २५ हजार रुपैयाँ घुस रकमसहित नियन्त्रणमा लिएको हो।

उनले सवारी साधनहरूलाई आवत/जावत गर्न सहजीकरण गरिदिए वापत घुस माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिई गएको टोलीले घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको जानकारी गराएको छ। रकमसहित उनको निवासबाट नियन्त्रणमा लिइएको अख्तियारले जनाएको छ।

लुम्बिनी प्रदेश मन्त्रिपरिषद् बैठक

# पटके जाँचपासदेखि यातायात कार्यालय विस्तार गर्ने निर्णय



**सरु भुसाल/मध्यान्ह**
दाङ, १७ मंसिर

लुम्बिनी प्रदेश सरकार प्रदेश मन्त्रिपरिषद् बैठक मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय राप्ती उपत्यका देउखुरीमा सोमबार सम्पन्न भएको छ। बैठकले तीन वटा महत्वपूर्ण निर्णय गरेको छ।

बैठकले यातायात व्यवस्था कार्यालयको सेवा विस्तार गर्ने निर्णय गरेको छ।

यो निर्णय अनुसार अब कोहलपुरमा यातायात व्यवस्था कार्यालयको सेवा विस्तार हुनेछ। बैठकले पटके जाँचपासदेखि राजश्व संकलनका लागि कोहलपुरमा यातायात व्यवस्था कार्यालयको सेवा विस्तार गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिए।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बसेको बैठकले उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत रहेको यातायात व्यवस्था कार्यालयको सेवा विस्तार गर्ने, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गत स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन दोस्रो संशोधन कार्यविधि २०८१ स्वीकृत गरेको छ।

संशोधित कार्यविधि अनुसार अब अवधि पुगेका र सम्पन्न भएका स्मार्ट कृषि गाउँको संरक्षण, सम्बर्द्धन र विकासका लागि स्थानीय सरकारको जिम्मेवारीभित्र पर्नेछ। प्रदेश, स्थानीय सरकार र किसानहरुको साझेदारीमा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गरिएको थियो। यस्तै बैठकले सामाजिक विकास मन्त्रालय अन्तर्गत बजेट तथा कार्यक्रमको व्यवस्थापन गर्ने निर्णय गरेको छ।

सामाजिक विकास मन्त्रालयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय गाभिएको थियो भने सामाजिक विकास मन्त्रालयमा रहेको युवा तथा खेलकुदको जिम्मेवारी छुट्टै युवा तथा खेलकुद मन्त्रालय बनाइएको थियो। जसले गर्दा मन्त्रीपरिषद् बैठकले बजेट तथा कार्यक्रमको व्यवस्थापन गर्ने निर्णय गरेको हो।

# लैंगिक हिंसाको असर न्यूनीकरण गर्न वतृत्वकला

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १७ मंसिर

लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको बेला कालीकोटमा लैंगिक हिंसाले बालबालिकामा परेको असर न्यूनीकरण सम्बन्धी वक्तृत्वकला प्रतियोगिता कार्यक्रम सम्पन्न भएको छ। 'हामी सबैको प्रतिबद्धताः लैंगिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता' भन्ने मूल नाराका साथ जिल्लाको शुभकालिको गाउँपालिका वडा नं. १ छातिमा लैंगिक हिंसाले बालबालिकामा परेका असर न्यूनीकरण सम्बन्धी वतृत्वकला प्रतियोगिता सम्पन्न भएको हो।




सशक्त महिला समृद्ध नेपालको सहजीकरण तथा आवाज संस्थाको आयोजनामा सञ्चालन गरिएको कार्यक्रममा जनता मावि विद्यालयका प्रधानध्यापक दिपेन्द्र तिमिल्सेनाको सभाअध्यक्ष तथा वडाध्यक्ष वीर बहादुर रामजाली मगरको प्रमुख आतिथ्यतामा भएको थियो।

लैंगिक हिंसाले बालबालिकामा परेका असरलाई न्यूनीकरण कसरी गर्न सकिन्छ,लैंगिक तथा घरेलु हिंसा, लगाएत कुप्रथा कुसंस्कारलाई अन्त्य गर्नका लागि के कस्ता क्रियाकलापहरु अपनाउनुपर्छ भन्ने विषयमा वतृत्वकलामार्फत सन्देश दिएको आवाज संस्था शुभकालिका गाउँपालिका सामाजिक परिचालक विपना अधिकारीले बताइन्।

सचेतना कार्यक्रममा घरघरमा हुने घरेलु हिंसा विभेद,महिलामाथि हुने हिंसा, छाउपडिप्रथा, यौन हिंसा,बालविवाह, जस्ता घटनाहरु समाजका लागि घातक रोगको नाममा परिचित छन्, यसलाई न्यनीकरण गर्नका लागि यो कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको प्रधानाध्यापक तिमिल्सेनाको बताए। कार्यक्रममा वडाध्यक्ष रामजाली मगरले लैंगिक तथा यौन हिंसा गर्नेलाई कानुनी सजाय,जातीय भेदभाव उन्मुलनसम्बन्धी ऐन कानुनका विषयमा छलफल गरेका थिए। यस्तै घरेलु हिंसा कसुर सजाय ऐन,बालबालिकामाथि हुर्ने दुर्व्यवहार यसको नियन्त्रणका लागि सधैं लागि परेको उनले बताए।

# नयाँ भवनबाट प्रसुति गृह सेवा सुरु

**काठमाडौं/मस**- परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पतालले कुपण्डोलस्थित नयाँ भवनबाट स्त्रीरोग उपचार सेवा सुरु गरेको छ। नयाँ भवनमा यसअघि सुरक्षित गर्भपतन सेवालगायत सेवा सञ्चालन भइरहेकोमा अस्पतालले स्त्रीरोगको बहिरङ्ग सेवा पनि सुरुवात गरेको हो।

नयाँ भवनको भूइँ तल्लामा सोधपुछ कक्ष, टिकट काउन्टर, औषधि बिक्री कक्ष, ओपिडी, भिडियो-एक्सरे, प्रयोगशालाको सुविधा रहेको छ भने पहिलो तल्लामा सुरक्षित गर्भपतन सेवा, परिवार नियोजन सेवा सुविधा रहेको छ। साढे पाँच तल्लाको भवनको माथिल्लो तल्लामा छात्रावास रहेको छ।

अस्पतालका निर्देशक डा. श्रीप्रसाद अधिकारीले आइतबारदेखि नयाँ भवनबाट आंशिक रुपमा स्त्रीरोगको बहिरङ्ग सेवा सुरु गरेको जानकारी दिए। उनले भने, 'निःसन्तान तथा सुरक्षित गर्भपतन सेवा हामीले यसअघि सुरु गरिसकेका छौं। हाललाई स्त्रीरोगको ओपिडी सेवा सुरु गरेका हौं।'

We Are Hiring
Golden Eagle Manpower Pvt. Ltd. is seeking for the following position urgently.
• Public Relations Officer - 2 (Male/Female)
• Office Secretary - 2 (Male/Female)
Salary Negotiable
★ Qualification & Requirements :
• Minimum Bachelor Degree Completed.
• Knowledge of Computer (Word/ Excel & Other Programmes).
• Minimum 2 Years of Experience in Manpower Field.
Drop Your CV at mdgoldeneaglel@gmail.com
Contact No: 98143633386

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१/०८/१८

यस कार्यालयले निम्नबमोजिम कार्यको लागि मिति २०८०/०७/०८ गते बोलपत्र आह्वान गरेअनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही निम्नबमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक मूल्य अभिबृद्दि कर समेत |
|---|---|---|---|---|
| 1 | BGM/NCB/GOODS/08/2081-82 | Procurement of Medicine for Public Health | Gosaekunda Medicine Pvt Ltd, Tarkeshor 9 -Kathmandu | NRs. 10,45,586.00 |

प्रमुख प्रशासकिय अधिकृत

हार्दिक बधाई एवं शुभकामना
नेपाल धितोपत्र बोर्ड (सेबोन) को अध्यक्षमा
श्री सन्तोष नारायण श्रेष्ठ ज्यु
नवनियुक्त हुनुभएकोमा
हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं।

Reliable Life Insurance Ltd. ...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4423618, 4423630
Fax No: +977-01-4423657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

नेको इन्स्युरेन्स लि.
NECO Insurance Ltd.
Make A Visible Difference
Beema Bhawan, Gyaneshwor
Kathmandu, Nepal
Ph: 4530583, 4542263
info@neco.com.np
www.neco.com.np

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
Battar, Bidur-4, Nuwakot,
Telephone: +977 10 561746/561747
Email:corporate@meromicrofinance.com
Web: www.meromicrofinance.com
Contact Office: Sitapaila, Kathmandu
Telephone: 01-5315936/937

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
Address: Sanga,Kavre, Nepal
Email: info@mlbsl.com.np mlbsl.nepal@gmail.com
Contact: 011-661329
Website: www.mlbsl.com.np

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
Address: Banepa-10, Kavrepalanchowk
Email: info@aarambhachautari.com, aarambhachautari@gmail.com
Contact: 011-664579
Website: www.aarambhachautari.com

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
Samudayik Laghubitta Bittiya Sanstha Limited
Banepa Municipality-14, Sanga
Kavrepalanchowk, Nepal
Tel: +977-011-662251,+977-011-660452
Email: info@slbsl.com.np

श्रृजनशील लघुवित वित्तीय संस्था लि.
SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.
Address: Golbazar MP-7, Choharwa (Siraha)
Email: info@shrijanshil.com.np
Contact: 033-401045, 401084
Website: www.shrijanshil.com.np

मध्यान्ह
www.madhyanhadaily.com
१८ मंसिर २०८१, मंगलबार
3 December 2024, Tuesday

## सम्पादकीय

# चीन भ्रमणका अपेक्षा

अहिले छिमेकी मित्रराष्ट्र चीनको औपचारिक भ्रमणमा छन् हाम्रा प्रधानमन्त्री केपी शर्मा ओली । पछिल्लो पटक गत असारमा प्रधनमन्त्री बनेका ओलीले पहिलो विदेश भ्रमण उत्तरतिरबाट गरेका छन् । प्रायः दक्षिणको भ्रमण पहिलो हुने गरेको सन्दर्भ जोडेर ओलीको यो भ्रमणबारे अनेक कोणबाट विश्लेषण भएका छन् । यद्यपि, एउटा सार्वभौम मुलुकका सरकार प्रमुखको पहिलो भ्रमण कहाँबाट गर्ने भन्ने त्यो देश वा सरकारको विषय हो । हाम्रा लागि सबै छिमेकी मित्रराष्ट्रहरू समान हुन् । पञ्चशील र असंलग्न नीतिका आधारमा हाम्रा कूटनीतिक सम्बन्धहरू चल्छन्/चलिरहेका छन् ।

चीन हाम्रो सन्दर्भमा भौगोलिक, आर्थिक दुवै दृष्टिले अर्थपूर्ण र महत्त्वपूर्ण छिमेकी हो । चीन हाम्रो भौतिक विकासको सहयोगी पनि हो । अनेकौं योजना, परियोजनामा चीनले गरेको सहयोग अविष्मरणीय छ हाम्रा लागि । सडक पूर्वाधार होस् वा स्वास्थ्यका क्षेत्रमा अथवा अन्य धेरै क्षेत्रमा चीनको सहयोग हामीलाई प्राप्त भइरहेको छ । अहिले प्रधानमन्त्रीको यो भ्रमणमा पनि विभिन्न परियोजना प्रस्तावको तयारी छ । ती परियोजनाले नेपालको भौतिक विकासमा मात्र नभएर नेपालीको आर्थिक तथा जीवनस्तर उन्ननयमा समेत सहयोग पुग्ने आस गर्न सकिन्छ । बीआरआईको विषय प्रमुख रूपमा उठिरहे पनि हाम्रा लागि अन्य परियोजना प्रस्ताव बढी चासोका विषय हुन सक्छन् । यतातर्फ पक्कै पनि प्रधानमन्त्री र भ्रमणमा संलग्न प्रतिनिधिहरूको ध्यान जाने छ ।

> बीआरआईको विषय प्रमुख रूपमा उठिरहे पनि हाम्रा लागि अन्य परियोजना प्रस्ताव बढी चासोका विषय हुन सक्छन् । यतातर्फ पक्कै पनि प्रधानमन्त्री र भ्रमणमा संलग्न प्रतिनिधिहरूको ध्यान जाने छ

चीनसँगको हाम्रो व्यापार घाटा चुलिँदो छ । हामी उताबाट सामान आयात गरिरहेका छौं तर यताबाट पर्याप्त उता पठाउन सकिरहेका छैनौं । यसले चीनसँगको हाम्रो व्यापारिक सम्बन्ध सन्तुलनमा देखिँदैन । व्यापारी, उद्योगी, अर्थविद्लगायतको समूह पनि भ्रमणमा संलग्न छ । पक्कै पनि यस विषयमा चीनसँग विमर्श हुने नै छ । सीमानाकामा रहेका भन्सार बिन्दुका सवाल होलान् वा भन्सारका, करका आदि विषय पनि होलान् । तीसम्बन्धमा पनि हाम्रा तर्फबाट विमर्श हुनु र त्यसमा सहजताका निम्ति पहल हुनु आवश्यक छ । समग्रमा, नेपाल–चीन सम्बन्धका सबैजसो आयाममा भ्रमणले विशेष ध्यान दिन सकोस् भन्ने कामना हामीले गर्नु अन्यथा हुँदैन ।

## सामाजिक सञ्जाल


**निर्मल प्रसाईं**

केपी शर्मा ओलीले घरघरमा ग्यासको पाइप र रेलको कुरा गर्दा गिज्याउने, गगन थापाले आधुनिकीकरणको कुरा गर्दा खिसिटचुरी गर्ने, एक रूढीवादी र पुरातनवादी नेपाली समाजलाई देश भने अमेरिका जस्तो चाहिन्छ । आफू रूपान्तरित हुनुपर्छ पहिला ।


**मुकुन्द कट्टेल**

अबको समृद्धि र विकास सूचना-प्रविधिमा आधारित हुने छ । हाम्रा सामाजिक सम्बन्धहरू, ज्ञान-निर्माण प्रक्रिया र राजनीतिक-आर्थिक अभियान यसको अधीन रहने छन् । गगन थापाले कीर्तिपुरमा भनेको सही हो तर त्यसका लागि उपयुक्त वातावरण चाहिन्छ । यिनले त्यस्तो वातावरण बनाउलान् भन्ने जनविश्वास भने देखिन्नँ ।


**शिरोमणि ढुंगाना**

बीआरआईमा भारतलाई जबर्जस्ती तान्न खोज्नु ठीक होइन । कांग्रेस-एमाले जस्ता दुई ठूला दल सत्तामा छन् । केके गर्न चाहेको हो, गर्दा हुन्छ । भारत होइन, आफ्नो जनतालाई चाहिँ थाहा दिनुपऱ्यो, सम्झौता के हो र कसरी देश र जनताको हितमा छ भन्ने कुरा ।


**किशोर नेपाल**

होइन, यी जीबी राई भन्ने जिनियस कता भासिएछन् ? यत्रो नेपाल सरकारले पनि पत्ता लगाउन नसक्ने ? पहिले त इन्टरपोलले पनि हराएकाको खोजी गर्न सहयोग गर्थ्यो क्यार ! यी राई कतै काठमाडौंमा नै 'हाई सेक्युरिटी'को संरक्षणमा आराम फर्माइरहेका त छैनन् ?

# अर्थतन्त्रका समस्या, चुनौती र सम्भावना

अग्रलेख


● शंकरमान सिंह



हामीलाई आर्थिक वृद्धि किन चाहिन्छ ? हाम्रो अर्थतन्त्रलाई वर्षौपिच्छे एउटै आकारमा राख्दा के नराम्रो हुन्छ ? अर्थ व्यवस्था स्थिर रहन सक्दैन । कि त माथि जान्छ कि त तल नै जान्छ । जमेको पानीको पोखरीबाट कुनै बेला दुर्गन्ध आउन थाल्छ । स्थिरताले अन्ततः अर्थतन्त्रलाई ओरालोतिर नै लैजान्छ ।

नेपालमा आर्थिक वृद्धि समस्या र प्रश्नले भरिएको छ । र, सबैभन्दा ठूलो आश्चर्य यो हो कि हामीसँग कुनै जबाफ छैन । सायद, समाधानको कुनै कमी छैन । हामीसँग प्रश्नहरूभन्दा धेरै जबाफहरू र समस्याहरू छन् । त्योभन्दा धेरै समाधानहरू छन् । तर, हामीसँग एउटै समस्याको समाधान पनि छैन । त्यहाँ धेरै समाधानहरू छन् तर सबै समाधानहरू त्यति उत्साहित छैनन् र समस्याहरू छन् । तिनीहरूबीच समन्वय छैन ।

एउटा आधारभूत सत्य यो हो हो कि सबै उत्तरहरू हाम्रा पुराना छन् । हामीले नयाँ जबाफ खोज्न छाड्यौं । नयाँ प्रश्नहरू नयाँ जबाफ चाहन्छन् । नयाँ समस्याले नयाँ समाधानको माग गर्छ । नयाँ मूल्य र नयाँ चेतनाले हामीलाई चुनौती दिन्छ तर हामी पुरानै हुनुमा जोड दिन्छौं । हाम्रो देशले श्रमको सम्मान गर्छ । श्रमको सम्मानका कारण प्रविधिमा कमी आएको छैन । प्रविधिको अभावले गर्दा समृद्धि जन्मिएन ।

**मुख्य चुनौती : मुद्रास्फीति**

महँगी निरन्तर बढिरहने हो भने त्यसले समाजमा विद्रोहको स्थिति निम्त्याउन सक्ने तथ्य विश्वका घटनाक्रमले समेत देखाएका छन् । अस्वाभाविक मूल्य वृद्धिका कारण दैनिक जीवनयापनमा नै कठिनाइ देखिएपछि आमनागरिकहरू विद्रोहको अवस्थामा पुग्ने गर्छन् । यस किसिमको असहज परिस्थिति आउन नदिन बजारलाई स्वस्थ र सन्तुलित राख्न एवं अचाक्ली मूल्य वृद्धि हुनबाट रोक्न सक्नुपर्छ । तथ्यांकमा केही घटेको देखिए पनि त्यसको अनुभूत जनताले गर्न सकेका छैनन् ।

कुनै पनि देशमा मूल्य वृद्धिले सम्पूर्ण आपूर्ति शृंखलालाई असर गर्छ र समग्र उपभोग्य वस्तुको मुद्रास्फीति बढाउने छ र क्रय शक्ति घटाउँछ, जसले गरिब जनतालाई आफ्नो खानाका लागि अझ गाह्रो बनाउँछ ।

मुलुकमा निरन्तर देखिएको आर्थिक मन्दीका कारण सबैतिर निराशा मात्र छाएको छ । उद्योग व्यवसाय खुम्चिएका छन् । युवापुस्ता पलायन हुने अवस्था छ । अहिलेको अवस्था अत्यन्तै कठिन छ । तर, यो कठिन अवस्थाबाट हामीले बाहिर निस्किन प्रयास गर्नै पर्छ । अहिलेको निराशालाई आशामा बदल्नका लागि 'एग्रेसिभ' नीतिगत सुधार आवश्यक छ । देशमा अर्थतन्त्र चलायमान हुन नसक्नुका प्रमुख कारणहरूमा राजनीतिक अस्थिरता, लगानीकर्तामैत्री नीतिहरूको अभाव, कमजोर पूर्वाधार, नियमित बिजुली आपूर्तिमा अवरोध, विरोधाभासपूर्ण कानुनहरू, कर्मचारीतन्त्रको अक्षमता, अपारदर्शिता र भ्रष्टाचारलगायत रहे ।

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको तथ्यांकअनुसार २०८१ असोजमा उपभोक्ता मुद्रास्फीति ४ दशमलव ८२ प्रतिशत छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति ७ दशमलव ५० प्रतिशत थयो । विगत ३ महिनामा नेपालको कुल वस्तु निर्यात ६ दशमलव १ प्रतिशतले घटेको छ । यो अवधिसम्म ३८ अर्ब ३८ करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ । अघिल्लो वर्ष यस्तो निर्यातमा २ दशमलव ३ प्रतिशतले कमी आएको थियो । वस्तु निर्यात हुने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ५ दशमलव ३ प्रतिशत, २४ दशमलव ८ प्रतिशत र ६ दशमलव ६ प्रतिशतले घटेको छ । यो चिन्ता र चासोको विषय हो ।

> अर्थतन्त्र सुधारका लागि निजी क्षेत्रको खस्केको मनोबल उकास्नु पहिलो काम हुन जाने छ, जसका निम्ति सरकार र निजी क्षेत्रबीच विश्वासपूर्ण सहकार्य हुनुपर्छ । विप्रेषण आप्रवाह र पर्यटक आगमन बढ्दा पनि बजारमा अपेक्षित माग सिर्जना हुन नसक्नुको मुख्य कारण आमरूपमा विश्वास गुम्नु नै हो ।

वस्तुगत आधारमा सोयाबिन तेल, चिया, पार्टिकल बोर्ड, जुत्ता तथा चप्पल, पिनालगायत वस्तुको निर्यात बढेको छ भने जिंक सिट, पाम तेल, अलैंची, जुस, तयारी पोसाक आदि वस्तुको निर्यात घटेको छ । यस्तै, यो अवधिमा कुल वस्तु आयात ४ दशमलव २ प्रतिशतले घटेको छ ।

असोजसम्ममा ३९० अर्ब ७५ करोड रुपैयाँ बराबरको सामान आयात भएको छ । नेपाल राष्ट्र बैंकका अनुसार असोजसम्ममा खुद सेवा आय २३ अर्ब २९ करोड रुपैयाँले घाटामा छ । अघिल्लो वर्ष यो २९ अर्ब ३९ करोडले घाटामा थियो । चालू खाता १११ अर्ब ८७ करोडले बचतमा छ । अघिल्लो वर्ष चालू खाता ५९ अर्ब ६५ करोडले बचतमा थियो ।

यस्तै, शोधनान्तर स्थिति १८४ अर्ब ९९ करोडले बचतमा छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति १०१ अर्ब ६६ करोडले बचतमा थियो । यो फन्डामेन्टलले मात्र हामीले सन्तोष लिने ठाउँ छैन ।

**अर्थतन्त्रलाई उकास्ने उपाय**

मुलुकको अगाडि अहिलेको सकसलाई अन्त्य गर्नु नै मुख्य चुनौती बनेको छ । यस्तोमा केही उपायबाट अर्थतन्त्रलाई लयमा ल्याउन सक्ने देखिन्छ, जसबारे यहाँ चर्चा गरिएको छ ।

**लगानीलाई प्रोत्साहन गर्ने**

करमा सहुलियत दिएर, कर्मचारीतन्त्रका अवरोधहरू घटाएर र स्थिर व्यापारिक वातावरण सिर्जना गरी लगानीलाई प्रोत्साहन गर्ने । पूर्वाधार, प्रविधि र शिक्षामा लगानीले व्यवसायीहरूलाई आकर्षित गर्न र रोजगारी सिर्जना गर्न मद्दत गर्न सक्छ, जसले आर्थिक वृद्धिलाई बढाउँछ ।

**नवप्रवर्तन**

प्रोत्साहन र कोषमार्फत अनुसन्धान र विकासलाई प्रोत्साहन गर्नुपर्छ । नवप्रवर्तनले उत्पादकत्व र प्रतिस्पर्धात्मकता बढाउन मद्दत गर्न सक्छ र नयाँ उत्पादन तथा सेवाहरूको नेतृत्व गर्न सक्छ, जसले रोजगारी सिर्जना गर्न र आर्थिक वृद्धिलाई अगाडि बढाउन सक्छ ।

**शिक्षा सुधार**

श्रम शक्तिको सीप वृद्धि गर्न शिक्षाको गुणस्तरमा सुधार गर्ने । शिक्षाले थप दक्ष जनशक्ति सिर्जना गर्न मद्दत गर्न सक्छ, जसले फलस्वरूप उच्च उत्पादकत्व र उच्च ज्याला, वृद्धिको सद्गुण चक्र सिर्जना गर्न सक्छ ।

**पूर्वाधारमा सुधार**

सडक, पुल, विमानस्थल र बन्दरगाह जस्ता पूर्वाधारहरूमा लगानी गर्दा व्यवसायहरूलाई सामान र सेवाहरू ढुवानी गर्न सजिलो बनाउन सक्छ र नयाँ व्यवसायहरू आकर्षित गर्न र रोजगारी सिर्जना गर्न मद्दत गर्न सक्छ ।

**अन्तर्राष्ट्रिय व्यापारलाई प्रोत्साहन गर्ने**

व्यापार र पूर्वाधारमा लगानी गर्ने बाधाहरू हटाएर अन्तर्राष्ट्रिय व्यापारलाई प्रोत्साहन गर्ने । अन्तर्राष्ट्रिय व्यापारले वस्तु र सेवाहरूको बजारको आकार बढाउन सक्छ, जसले उत्पादन, रोजगारी सिर्जना र आर्थिक वृद्धिमा वृद्धि गर्न सक्छ ।

**उद्यमशीलतालाई प्रोत्साहन**

साना व्यवसाय र स्टार्टअपहरूलाई समर्थन प्रदान गरेर उद्यमशीलतालाई प्रोत्साहन दिनु आवश्यक हुन्छ । साना व्यवसायहरू रोजगारी सिर्जना र नवाचारको प्रमुख स्रोत हुन् र तिनीहरूलाई समर्थन गर्नाले आर्थिक वृद्धिलाई अगाडि बढाउन मद्दत गर्न सक्छ ।

**मुद्रास्फीति नियन्त्रण**

स्थिर मूल्य र स्थिर अर्थ व्यवस्था सुनिश्चित गर्न मुद्रास्फीति व्यवस्थापन गर्नुपर्छ । मुद्रास्फीतिले पैसाको मूल्य घटाउन सक्छ, यसले व्यवसायहरूलाई लगानी गर्न र उपभोक्ताहरूलाई खर्च गर्न गाह्रो बनाउँछ, जसले आर्थिक वृद्धिलाई सुस्त बनाउन सक्छ ।

**दिगो अभ्यासहरूलाई प्रोत्साहन**

व्यवसायहरूलाई दिगो अभ्यासहरू अपनाउन प्रोत्साहन दिनुहोस्, जसले वातावरणको संरक्षण गर्न, स्रोतहरूको संरक्षण गर्न र लागत घटाउन मद्दत गर्छ । यसमा नवीकरणीय ऊर्जा प्रवर्द्धन, रिसाइकललाई प्रोत्साहन गर्ने र फोहोर घटाउनेजस्ता पहलहरू समावेश हुन सक्छन् ।

**स्थानीय उद्यमलाई सहयोग**

स्थानीय व्यवसायहरूलाई खरिद-स्थानीय अभियानहरू जस्ता पहलहरूमार्फत प्रवर्द्धन गरेर र स्थानीय व्यवसायहरूलाई यस क्षेत्रमा रहन र बढ्नका लागि प्रोत्साहन प्रदान गरेर स्थानीय रूपमा किनमेल गर्न उपभोक्ताहरूलाई प्रोत्साहन दिनुपर्छ । यसले समुदायको भावना सिर्जना गर्न, उद्यमशीलता प्रवर्द्धन गर्न र स्थानीय अर्थतन्त्रमा पैसाको सदुपयोगमा मद्दत गर्न सक्छ ।

**वित्तीय पहुँच प्रदान गर्नु**

साना व्यवसाय र उद्यमीहरूलाई वित्तीय पहुँच प्रदान गर्नुपर्छ, जसले परम्परागत वित्त पोषण प्राप्त गर्न कठिनाइ हुन सक्छ । यसमा लघुवित्त, क्राउड फन्डिङ वा विशेष परियोजना वा उद्योगहरूका लागि अनुदान र ऋण जस्ता पहलहरू समावेश हुन सक्छन् ।

**विकासशील मानव पुँजी**

परम्परागत शिक्षा प्रणालीबाट पछि परेका व्यक्तिहरूलाई तालिम र शिक्षाको अवसर प्रदान गरी मानव पुँजीको विकासमा लगानी गर्नु पनि जरुरी छ । यसमा प्राविधिक तथा उद्यमशीलता जस्ता क्षेत्रहरूमा सीपहरू विकास गर्न मद्दत गर्ने व्यावसायिक तालिम, प्रशिक्षकहरू र कार्यक्रमहरू समावेश हुन सक्छन् । उद्यमशीलतालाई प्रोत्साहन गर्ने, पूर्वाधारमा लगानी गर्ने, दक्ष जनशक्तिको विकास गर्ने, नियमावलीलाई सुव्यवस्थित गर्ने, अन्तर्राष्ट्रिय व्यापारलाई प्रवर्द्धन गर्ने, अनुसन्धान तथा विकासमा लगानी गर्ने र विदेशी लगानीलाई प्रोत्साहन गर्ने सबैले दिगो आर्थिक वृद्धिमा योगदान पुऱ्याउन सक्छन् । यी रणनीतिहरू लागू गरेर थप गतिशील, प्रतिस्पर्धी र समृद्ध अर्थतन्त्र सिर्जना गर्न सकिन्छ ।

**मनोबल उकास्नु, प्रमुख कार्य**

अर्थतन्त्र सुधारका लागि निजी क्षेत्रको खस्केको मनोबल उकास्नु पहिलो काम हुन जाने छ, जसका निम्ति सरकार र निजी क्षेत्रबची विश्वासपूर्ण सहकार्य हुनुपर्छ । विप्रेषण आप्रवाह र पर्यटक आगमन बढ्दा पनि बजारमा अपेक्षित माग सिर्जना हुन नसक्नुको मुख्य कारण आमरूपमा विश्वास गुम्नु नै हो । यसका निम्ति विश्वासको वातावरण सिर्जना गर्नु सबैको दायित्व हो ।

निजी क्षेत्रले पनि आफूलाई अर्थतन्त्रको मियोको रूपमा उभ्याउने प्रयत्न गर्ने हो भने खालि सरकारको आलोचना गरेर आफ्ना सबैखाले दोषबाट उन्मुक्ति पाइने विद्यमान चरित्र तत्काल बदल्न जरुरी छ । अर्थतन्त्रमा देखापरेको आयातमुखी चरित्रको विकासमा एउटा मुख्य हिस्सेदारी तथा दोष निर्विकल्प निजी क्षेत्रमै जान्छ ।

अहिले बारम्बार सामाजिक संजालमा आइरहने शब्द हो, असफल राज्य । राज्य संचालनका संयन्त्रहरूले काम गर्न सकेनन् भने त्यो देशलाई असफल राज्य भनिन्छ । राज्यले जनतालाई कतिसम्म मानवीय अधिकार, न्यूनतम आधारभूत आवश्यकता, शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी जस्ता सेवा प्रवाह गर्न सकेको छ वा छैन भन्ने कुरामा नागरिकको सम्बन्ध जोडिएको हुन्छ । यसैबाट र अरू आर्थिक सूचकबाट कुनै पनि मुलुक, सरकार सफल असफल भन्ने कुराको निर्क्योल हुन्छ ।

नेपालमा सरकारमा शक्ति केन्द्रित गरेकामा सो अहिलेसम्म पनि नसच्चिएको, सुशासनको कतिपय प्रश्नमा खरो उत्रन नसकेको स्थिति रहेको तथा संघ र प्रदेश सरकारका बीच पर्याप्त समन्वय हुन नसकेको आदि असफलताका सूची हुन् सक्छन् ।

## इतिहासमा आज

३ डिसेम्बर १९४८ मा पूर्वी चीन सागरमा चिनियाँ शरणार्थी जहाजलाई लिएर गएको जहाज कियांग्यामा विस्फोट हुँदा ११ सय जनाको मृत्यु भएको थियो ।



३ डिसेम्बर १९८४ मा भारतको भोपालमा रहेको युनियन कार्बाइड फ्याक्ट्रीबाट बिषालु ग्यास लिक हुँदा कम्तीमा ३ हजार मानिसको मृत्यु भएको थियो भने हजारौं अंगभंग भएका थिए ।



३ डिसेम्बर २००८ मा मुम्बईमा भएको २३ नोभेम्बरको आतंकवादी घटनापछि महाराष्ट्रका मुख्यमन्त्री विलासराव देशमुखले राजीनामा दिएका थिए ।



३ डिसेम्बर १९८९ मा तत्कालीन सोभियत राष्ट्रपति मिखाइल गोर्बाचोव र अमेरिकी राष्ट्रपति जर्ज बुसले शीतयुद्ध समाप्त भएको घोषणा गरेका थिए ।



# बढ्दो त्रास


● डा. युवराज संग्रौला

कार्यकालको अन्तिम समयमा, बाइडेनले युक्रेनलाई आणविक मिसाइल प्रयोग गर्ने अधिकार दिए । यसलाई हेर्दा, अमेरिकी हतियार व्यापारीको तेस्रो विश्वयुद्ध सुरु गर्ने लालसा पूरा हुने सम्भावना बढेको छ । ट्रम्पका छोराले ट्वीटबाट युद्ध व्यापारीहरूको आलोचना गर्दै भनेका छन्, 'ट्रम्पलाई सत्तामा पुग्न नदिन बाइडेन र उनका मान्छे तेस्रो विश्वयुद्ध सुरु गर्न चाहन्छन् ।'

अमेरिकालाई उसको भूगोलको सहयोग छ । २ वटा महासागरको बीचमा ऊ सुरक्षित छ भन्ने उसको सोच छ । उसको प्रभुत्ववादको एउटा कारण यो पनि हो । यही कारणले हो ऊ जेलेन्स्की बोकेर तेस्रो विश्वयुद्धको खेलमा छ किनकि उसलाई युरोप र रसिया दुवै ध्वस्त पार्नु छ ।

युरोपेली पूर्वउपनेवशवादीहरू मूर्ख छन्, उनीहरू 'कुहिरे छाला'लाई आफ्नो मान्छन् । यी आरोपहरू संसारभरिका मानिसले लयाइरहेका छन् । यो युद्ध सुरु भयो भने दक्षिण कोरिया, अरब, इजरायल र युरोपमा बसेका नेपालीको हालत के होला ? के नेपालको परराष्ट्र मन्त्रालयलाई यस्ता कुरा सोच्ने पनि ज्ञान छ ?

अमेरिका छिमेकी र विश्वका अन्य देशहरूचाहिँ अभागी भएजस्तो छ । मेक्सिको अमेरिकाको नाकमुनि छ तर उसले सन् १८४६ मा आफ्नो भूमि मात्र गुमाएन, आज पनि अनेक पीडा भोग्नुपर्छ । क्यालिफोर्निया एक जमानामा मेक्सिको थियो तर उसबाट खोसियो ।

भनिन्छ, बिचरा ! मेक्सिको भगवान्‌बाट अतिटाढा छ तर दुर्भाग्य ! अमेरिकाको अतिनजिक छ । शीतयुद्धताका अमेरिकाले दक्षिण अमेरिकामा राज्य विप्लवका अनेक घटना गरायो । निर्वाचित सरकार लडाएर निरंकुश सत्ता स्थापना गऱ्यो । बोलेर कसैको केही लागेन ।

> अब आणविक युद्धको संघारमा विश्व पुगेको छ । शक्तिशाली देशहरूलाई उनीहरूले चाहेझैं आफ्नो ताकत प्रयोग गर्न सजिलो छ । बाइडेनलाई लाग्थ्यो, रसियाले युक्रेनमा अमेरिकी बेस स्वीकार गर्नै पर्छ । अन्यथा, रसियाले नेटोसँग लडाइँ गर्नै पर्छ ।

ठूला प्रभुत्ववादी देशको छिमेकी भएपछि कमजोर छिमेकीको स्वतन्त्रता जहिले पनि खुम्चिँदो रहेछ । हामीले भन्दा बढी अरूले के भोगेका होलान् र ! हिजोअस्ति मेक्सिकोका एक सांसदले भनेका थिए, 'मेक्सिकोले ब्रिक्सको सदस्य कहिल्यै हुन पाउने छैन ।' यता, नेपालको हालत हामीलाई थाहा नै छ । के देखियो दोस्रो विश्वयुद्धपछि भने, संसारको नियम प्रभुत्ववादी राष्ट्रले लेख्ने कुरा रहेछ किनभने उनीहरू जबर्जस्ती गर्न सक्छन् । त्यसैले अहिले तेस्रो विश्वयुद्धको बादल लागेको छ जगत्‌मा ।

एउटा प्रश्न हाम्रो अगाडि छ । अमेरिकालाई लाग्यो, मेक्सिकोले ब्रिक्सको सदस्य बन्नु हुन्न, तब मेक्सिकोले बन्नु हुन्न । अमेरिकालाई मेक्सिकोमाथि दबाब दिने अधिकार छ भने रसियालाई युक्रेनले नेटोको सदस्य बन्नु हुन्न भन्न किन नपाउने हो ? के मेक्सिकोले ब्रिक्सको सदस्य बन्न पाउनुपर्छ भनेर रसियाको सेना मेक्सिको आउन दिन्छ ? दिँदैन । अनि, अमेरिका किन युक्रेन गएको होला ? यस्तो कुरा सोच्न विवेक चाहिन्छ ।

रसियाको मिलिटरी बेस अमेरिकाले सहँदैन भने युक्रेनलाई अमेरिकाको मिलिटरी बेस बनाउने अमेरिकी चाहनाको आधार के हो त ? किन बाइडेन मिसाइल हान्न उक्साइरहेका होलान् त ?

यो युद्ध सुरु हुनु हुने थिएन । तर, युक्रेनलाई नेटो गठबन्धनभित्र राख्ने पश्चिमी दबाबले युद्ध सुरु भयो । अब आणविक युद्धको संघारमा विश्व पुगेको छ । शक्तिशाली देशहरूलाई उनीहरूले चाहेझैं आफ्नो ताकत प्रयोग गर्न सजिलो छ । बाइडेनलाई लाग्छ, रसियाले युक्रेनमा अमेरिकी बेस स्वीकार गर्नै पर्छ । अन्यथा, रसियाले नेटोसँग लडाइँ गर्नै पर्छ ।

बाइडेन र उनका सहयोगीलाई लाग्छ, नेटो देशहरूको व्यापक सहयोगमा युक्रेनले रसियालाई हराउने छ । र, जित्नेको इतिहास लेख्न सकिन्छ । त्यसैले बाइडेनको शिथिल दिमाग ठान्छ, उनको विजेताको इतिहास लेखिने छ । अतः बाइडेन अन्तिम महिनामा इतिहास रच्न चाहन्छन्- लाखौं मानिसको ज्यानको मूल्यमा ।

तर, यस्तो होला जस्तो छैन । कुनामा पुऱ्याएर कुटिएको रसिया आफ्नो अस्तित्वका लागि 'मरता क्या नहीं करता'को अवस्थामा छ । ४० वटा देशका हतियार र पैसा उसको विरुद्धमा खन्याइको छ । यस्तो अवस्थामा रसियालाई हराउन उनले सक्छन् जस्तो लाग्छ । तर, कति निर्दोष मानिसले ज्यान दिनुपर्ने हो ! विश्वयुद्धको यो अवस्थाको खुलेर विरोध गरौं ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# माओवादी केन्द्रलाई कमजोर बनाउन लागे : वर्षमान पुन

**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, १७ मंसिर

नेकपा माओवादी केन्द्रका केन्द्रीय उपमहासचिव वर्षमान पुनले नेकपा माओवादी केन्द्रलाई कमजोर बनाउन लागेको बताएका छन् । नेकपा माओवादी केन्द्र परिवर्तन गाउँपालिकाको तेस्रो अधिवेशनलाई सोमबार सम्बोधन गर्दै पुनले सो कुरा बताएका हुन् ।



आइतबार मात्र सम्पन्न भएको उपनिर्वाचनमा नेकपा माओवादी केन्द्रले ६ वटा वडामा विजयी हुन सफल भएको उनले बताए । कांग्रेसले २०७९ मा जितेको १८ वडामध्ये उपनिर्वाचनमा १६ वटा वडामा जित्न सफल भएको र २०७९ मा नेकपा एमालेले ८ वटा वडा जितेकोमा उपनिर्वाचनमा ५ वटा वडा जित्न सफल भएकाले कांग्रेसले २ वटा वडा र नेकपा एमालेले ३ वटा वडामा पराजित भएको उनले बताए । नेकपा माओवादी केन्द्रले एउटा गाउँपालिकामा अध्यक्ष र दुईवटा गाउँपालिकामा उपाध्यक्ष, २०७९ मा पनि ६ वटा वडामा वडाध्यक्ष जित्न सफल भएको र अहिले पनि ६ वटा वडामा जित प्राप्त गरेकोले नेकपा माओवादी केन्द्र ठिक ठाउँमा रहेको पुष्टि भएको उनले बताए । नेकपा माओवादी केन्द्रको आधार ईलाका रोल्पा रुकुम लालकिल्लामा माओवादी केन्द्र उपनिर्वाचनमा पनि प्रराजित र किल्ला ढल्यो भनेर नेपालका ठूला राष्ट्रिय मिडिया हेडलाईन बनाएर माओवादी केन्द्रलाई कमजोर पार्न खोजेको उनले आरोप लगाए । उनले भने, 'मैले समाचारहरु हेर्दै आएको छु, उपनिर्वाचन मत परिणाम त्यहाँ मैले के पाएको छु भन्दा नेकपा माओवादी केन्द्रको वडाध्यक्ष नेपाली कांग्रेसले खोस्यो, नेकपा एमालेले खोस्यो भनेर लेखेको पाएँ,नेकपा माओवादी केन्द्रले जितेकोमा माओवादी केन्द्रले जित्यो मात्र लेखिएको छ भने नेपाली कांग्रेस र नेकपा एमालेबाट माओवादी केन्द्रले खोस्यो भनिएको छैन, यो मिडियाको पूर्वाग्रही हो ।'

रोल्पा, रुकुममा नेकपा माओवादी केन्द्रले वडाध्यक्षमा पराजित हुँदैमा कमजोर भएको मान्न नसकिने समेत उनले जिकिर गरे । आफू अर्थमन्त्री हुँदा रोल्पामा धेरै योजना र बजेट व्यवस्था गरेको र अहिले नेपाली कांग्रेस र नेकपा एमालेले हामीले गरेको भन्ने गरेको समेत उनले बताए । उनले भने, 'विकासमा सबैको साँझा दृष्टिकोण हुने भएकोले सबै मिलेर विकास गर्नु राम्रो पक्ष हो, तर अरुले गरेकोलाई मैले गरेको हो भनेर भ्रम नछरौं ।' नेतृत्वले सहीलाई सही र गलतलाई गलत भन्न सक्नुपर्ने समेत उनले धारणा राखे ।

# त्रियुगा- १२ मा माओवादी केन्द्रका राई विजयी

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १७ मंसिर



त्रियुगा नगरपालिका-१२ मा नेकपा माओवादी केन्द्रका नवीन कुमार राई निर्वाचित भएका छन् । माओवादी केन्द्रका उम्मेदवार नवीन कुमार बान्तवा राई ९२३ मतसहित विजयी भएको निर्वाचन आयोगले जनाएको छ । उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका लक्ष्मी नाराण चौधरीले ६०८ मत प्राप्त गरेका छन् ।

त्यस्तै कांग्रेसका संजीव काफ्लेले ३५९, एकीकृत समाजबादीकी निर्मला चौधरीले ३१२, राष्ट्रिय स्वतन्त्र पार्टीका ध्रुब प्रसाद पोखरेलको २०२, राष्ट्रिय प्रजातन्त्र पार्टीको लालबाबु शाहले १७, नागरिक उन्मुक्ति पार्टीकी चन्द्र कला चौधरीले ७, स्वतन्त्रको बजरंगी दासले ३०, जनमत पार्टीको प्रमोद सहनीले २० मत प्राप्त गरेका छन् ।


## QATAR मा रोजगारको अवसर — Banader Salon

पुन विज्ञापन, पुर्व स्वीकृती मितिः २०८०/११/१४ चलानी नं. ६०२१५५२० LT No.: 300397

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR. | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hair Beautician | 0 | 1 | [illegible] | 1800 | ६६,८००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ मंसिर २५ गते (10 Dec., 2024) यस प्रा. लि. को कार्यालय धुम्बाराही, काठमाडौमा हुनेछ ।

**Tiger Overseas Employment Services Pvt. Ltd.**
Govt Lic. No: 335/059/060
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np



## युएईमा रोजगार

कम्पनीः ORION SECURITY SERVICES LLC. शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८०/०८/१० चलानी नं.: ६०२१०५९२ L.T. No.: 295452 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - SIRA | 160 | 50 | सम्बन्धित काममा दक्ष | 1200 | ४४०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 13 | 39 | | 2000 | ७३४४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**AIR KINGS PLACEMENT PVT. LTD.**
Gov. Lic. No. 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196



## साउदीमा रोजगार

कम्पनीः AWAD BIN ALI BIN MOHAMMED BIN DHAFRA CONTRACTING EST शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०८/१४ चलानी नं.: ६०२२९०७१ L.T. No.: 314659

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः NAHZA SHOPPING COMPANY BRANCH FOR WHOLESALE AND RETAIL TRADE शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०८/१४ चलानी नं.: ६०२२९०७२ L.T. No.: 314660

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः Al-Bayan International Foundation for Operation and Maintenance शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११७७५ L.T. No.: 296765 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1100 | ३९,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः THAMER ABDULLAH BIN MUBARAK AL-QAHTANI HEAVY EQUIPMENT RENTAL EST शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८०/०६/२५ चलानी नं.: ६०२०९०८७ L.T. No.: 293932 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np


# नलगाडको उपप्रमुखमा माओवादीकी लामिछाने विजयी



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १७ मंसिर

स्थानीय तहको उपचुनावअन्तर्गत आइतबार भएको मतदानमा नलगाड नगरपालिकाको उपप्रमुख पदमा माओवादीका देवका लामिछाने विजयी भएकी छन् । लामिछानेले नेपाली कांग्रेसका उम्मेदवार इन्द्रा चन्द (सिंह) लाई पराजित गरेकी हुन् । लामिछानेले ४ हजार २७२ मत प्राप्त गरी चन्दलाई हराएकी हुन् ।

चन्द्रले ३ हजार १४७ मत प्राप्त गरी पराजित भएको जिल्ला निर्वाचन कार्यालय जाजरकोटले जनाएको छ । यस्तै एमालेका उम्मेदवार सुनिता बोहराले २ हजार ५४२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार पार्बती पुनले १ सय ७९, राप्रपा नेपालका उम्मेदवार सुनिता पुन रावलले ५८ मत ल्याएकी छिन् ।

यस्तै नेपाल समाजवादी पार्टीका उम्मेदवार पवित्रा जैसीले १७ मत ल्याएकी छिन् । यहाँ २०७९ मा कांग्रेस-माओवादीबीच गठबन्धन भएको थियो । उक्त गठबन्धनको भागवण्डाअनुसार नगरप्रमुख माओवादीले पाएको थियो भने उपप्रमुख काँग्रेसको भाग परेको थियो ।

कांग्रेसबाट उपप्रमुखमा निर्वाचित भएकी सरिता सिंहले ५ हजार ४ सय ६ मत प्राप्त गरी एमालेका सुनिता बोहोरालाई हराएकी थिइन् । २०७९ मा ३ हजार ३ सय ९३ मत प्राप्त गरेकी बोहोराले यस पटक भने ३ हजार मत पनि कटाउन सकिनन् । २०७९ मा कांग्रेसले पाएको उपप्रमुख पद यस पटक माओवादीले पाएको छ । ०७९ मा प्रमुख पदमा पनि माओवादीका डम्मर बहादुर रावत निर्वाचित भएका थिए ।

# रौतहटका २ ठाउँमा कांग्रेस र १ ठाउँमा एकीकृत समाजवादी विजयी



**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, १७ मंसिर

रौतहटको गढीमाई नगरपालिका-८ को अध्यक्षमा नेकपा एकीकृत समाजवादीका बजरंगी प्रसाद यादव निर्वाचित भएका छन् । सोमबार बिहान सार्वजनिक अन्तिम मत परिणामअनुसार यादव २४ मतान्तरले वडाध्यक्षमा निर्वाचित भएका हुन् ।

उनी कुल ६५५ मत ल्याएर विजयी भएका हुन् । आफ्ना निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेकी उम्मेदवार जिउती देवी यादवलाई २४ मतान्तरले पराजित गर्दै यादव विजयी प्राप्त गरेका छन् ।

एमालेकी जिउती देवी कुल ६३१ मत प्राप्त गरेकी छन् । त्यस्तै तेस्रो स्थानमा रहेका नेपाली कांग्रेसका उम्मेदवार सुबोध कुमार यादवले कुल ६१७ मत पाएका छन् ।

निर्वाचनमा मतगणनाको सुरु देखि नै नेकपा एमालेले अग्रता कायम राखेको थियो तर अन्त्यमा नेकपा एकीकृत समाजवादीले जित हात पारेको छ ।

चुनावमा नेकपा एस, नेकपा एमाले र नेपाली कांग्रेसबीच निकै कडा प्रतिस्पर्धा भएको थियो । त्यस्तै जनता समाजवादी पार्टी नेपालका उम्मेदवार सन्देश प्रसाद यादवले जम्मा २५८ मतमै चित बुझाएका छन् ।

जनमत पार्टीले जम्मा ८ मत मात्र प्राप्त गरेको छ । निर्वाचनमा कुल मतदाता संख्या २ हजार ७५१ रहेकोमा २ हजार २३७ जनाले मतदान गरेका थिए । जिल्लाको राजपुर नगरपालिका -६ र इशनाथ नगरपालिका -७ को अध्यक्षमा नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका छन्। जिल्लाको ३ ठाउँमा भएको उप निर्वाचनमा दुई ठाउँमा नेपाली कांग्रेसले जित हासिल गरेको छ भने १ ठाउँमा नेकपा एकीकृत समाजवादीले जित हात पारेको छ ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, घोराही शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०८/१८ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल बैशाख महिना २७ गतेको 'अन्नपूर्ण पोस्ट्' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

**ऋणीको नाम र ठेगाना :**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय दाङ्गमा प्रा.फ.र.नं. ५९८०/४२७ (स्था. व्या.) कायम भई मिति २०७१/०२/०४ मा दर्ता भएको दाङ्ग जिल्ला, घोराही न.पा. वडा नं. ११ (हाल घोराही उ.म.न.पा वडा नं. १५) स्थित **स्वर्गद्वारी ट्रेडर्स एण्ड सप्लायर्स ।**

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. राम बहादुर खड्काको बुहारी, जनक बहादुर खड्का क्षेत्रीको श्रीमती, दाङ जिल्ला डुरूवा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १० बस्ने **यादवि खड्का क्षेत्री ।**

२. बल बहादुर खड्काको नाति, राम बहादुर खड्काको छोरा, दाङ जिल्ला डुरूवा गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १० बस्ने **जनक बहादुर खड्का क्षेत्री ।**

३. राम बहादुर खड्काको नाति, जनक बहादुर खड्का क्षेत्रीको छोरा, दाङ जिल्ला नारायणपुर उ.म.न.पा./गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १० बस्ने **नवीन खड्का ।**

४. राम बहादुर खड्काको नाति, जनक बहादुर खड्का क्षेत्रिको छोरा, दाङ जिल्ला नारायणपुर उ.म.न.पा./गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १० भई बस्ने **रविन खड्का ।**

५. नारायण प्रसाद गिरीको छोरी, नविन खड्काको श्रीमती, दाङ जिल्ला त्रिभुवन न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १० बस्ने **सुशिला गिरी ।**

६. खगेश्वर के. सी. को छोरी, रविन खड्काको श्रीमती, दाङ जिल्ला नारायणपुर उ.म.न.पा./गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल दाङ जिल्ला घोराही उ.म.न.पा. वडा नं. १० बस्ने **निरू के.सी. ।**

**धितो सुरक्षणको विवरण :**

**यादवी खड्का क्षेत्री**को नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता रहेको दाङ जिल्ला, नारायणपुर न.पा./गा.वि.स. वडा नं. ०९ (नक्सा सिट नं. ९ ख) को कित्ता नं. ६४४ र ६४५ को ०-२-० र ०-१-० (वि.क.धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापत समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय घोराहीमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८१ साल ०९ महिना ०८ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल ०९ महिना ११ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## कतारमा रोजगार

कम्पनी : HAPPY TRIP शहरः QATAR
पूर्व स्वीकृत मितिः २०८१/०८/१७ चलानी नं.: ६०२२९०६१ LT. No.: 314736

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1700 | ६२८६६ | | | | | | | |
| 3. | Foreman | 3 | 0 | | 2500 | ९२४५० | | | | | | | |
| 4. | Labour | 3 | 0 | | 1000 | ३६९८० | | | | | | | |
| 5. | Labour Services | 5 | 0 | | 1000 | ३६९८० | | | | | | | |
| 6. | Technician Mechanic Gen. Maintenance | 3 | 0 | | 2000 | ७३९६० | | | | | | | |

कम्पनी : OTTAWA CONTRACTING & TRADING शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८१/०२/१४ चलानी नं.: ६०२२०१८५ LT. No.: 305459 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 9 | 0 | स. काममा दक्ष | 1000 | ३६९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि अन्तर्वार्ता धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २५,२६,२७ गते (10,11,12 December 2024) मा हुनेछ ।

साथै यसै कम्पनीको लागि Scaffolder, Document Controller, Civil Engineer, Permit Holder Safety Officer And Scaffolding Store Keeper समेतको पनि माग भइ आएको हुदा नि शुल्क परामर्स सम्पर्क गर्न हुन अनुरोध छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353 | 9801029271
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np
Contact No: 9801029271, 9851002329, 9801061546, 9804392322



## UAE मा रोजगार

कम्पनीः ROYAL FOR EMPLOYMENT SERVICES शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/२१ चलानी नं.: ६०२२४९१५ LT. No.: 310273 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 48 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fixer/rod Binder | 50 | 0 | | 1200 | ४४०६४ | | | | | | | |
| 3. | Concrete Masons | 41 | 0 | | 1200 | ४४०६४ | | | | | | | |
| 4. | Gen. Building Labor | 36 | 0 | | 800 | २९३७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958, E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com



## युएईमा रोजगार

कम्पनीः K T M BUILDING MAINTENANCE AND CLEANING L.L.C. - S.P.C शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/१६ चलानी नं.:६०२२९०५४ LT. No.: 314749

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 2 | 4 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Supervisor | 0 | 1 | | 1800 | ६६,०९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**CareerLink Recruitment Services Pvt. Ltd.**
Gov Lic No: 1625/079/080
Iso 9001-2015 Certified Recruitment Agency
Basundhara- 3,Kathmandu, Nepal. Tel.: 01-5916337,5916437. Mobile: 9860949577
Email: info@careerlinkrecruitment.com URL : www.careerlinkrecruitment.com
Way to a success career



## साउदीमा रोजगार

कम्पनीः HAYAT CLEANING COMPANY IS A ONE PERSON COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०८/१७ चलानी नं.: ६०२२९०५५ L.T. No.: 314330

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः MAZEN HABIB BIN FADL AL-RAHMAN DALY FOUNDATION FOR MAINTENANCE AND CLEANING शहरः JEDDAH
पूर्व स्वीकृत मितिः २०८१/०५/०५ चलानी नं.: ६०२२३८४९ L.T. No.: 309209 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Housekeeping Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

# लामिछानेको बयान सकियो, आज पोखरा लगिने

**काठमाडौं/मस**-काठमाडौंको कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारी संस्थाको रकम अपचलनमा मुद्दा चलाइएका पूर्व गृहमन्त्री तथा रास्वपा सभापति रवि लामिछानेको बयान सकिएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंका प्रमुख सन्देश श्रेष्ठका अनुसार लामिछानेको बयान सोमवार सकिएको हो । प्रहरीले उनीसँग शुक्रबारदेखि बयान लिएको हो ।

काठमाडौंमा बयान सकिएसँगै लामिछानेलाई मंगलबार पोखरा पठाइने छ ।

स्वर्णलक्ष्मी सहकारीमा बचतकर्ताको रकम अनियमितता भएको प्रकरणमा प्रहरीले लामिछानेविरुद्ध पक्राउ अनुमति लिएको थियो ।



त्यसअनुसार, लामिछानेलाई १३ मंसिरमा काठमाडौं ल्याइएको थियो । कास्की प्रहरीको हिरासतबाट काठमाडौं ल्याएर उनीमाथि बयान लिइएको हो ।

स्वर्णलक्ष्मी सहकारीबाट लामिछाने र जिबी राईको नाममा दुई पटक गरेर ४६/४६ लाख रुपैयाँ ऋण गएको अनुसन्धानबाट खुलेको छ । लामिछाने चढ्ने गाडी खरिदका लागि यो ऋण लिएको पाइएको थियो ।

सुरुमा उनीमाथि सहकारी ठगी र संगठित अपराधमा अनुसन्धान थालिएको थियो भने पछि कास्की प्रहरीले सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान थालेको थियो । लामिछानेमाथि बुटवलको सुप्रिम सहकारी, चितवनको साहारा सहकारी लगायतमा भएको रकम हिनामिनामा पनि अनुसन्धान भइरहेको छ ।

प्रहरी अधिकृतहरुले यो बीचमा ऋण तिर्न भन्दै लामिछानेले काटेका चेकहरू समेत बरामद गरेको छ भने लामिछाने र उनकी पत्नीको खातामा भएको कम्तिमा ५० करोड रुपैयाँ बराबरको कारोबारबारे पनि जाँच गरिरहेको छ ।

यसैबीच लामिछानेविरुद्धको राहदानी दुरूपयोग मुद्दा हेर्न नभ्याइनेमा परेको छ । लामिछानेले दोहोरो राहदानी प्रयोग गरेको भनी युवराज पौडेल 'सफल' ले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

रिट सुनुवाइका लागि सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुयाल र नृपध्वज निरौलाको इजलासमा पेशी तोकिएको थियो ।

# कचनकवल डेढ वर्षदेखि प्रमुख प्रशासकीय अधिकृतविहीन

**झापा/मस**-झापाको कचनकवल गाउँपालिका विगत डेढ महिनादेखि प्रमुख प्रशासकीय अधिकृतविहीन भएको छ ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा गाउँपालिकाको कामकाज प्रभावित भएको गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीले बताए ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुभाषचन्द्र सुमन गत भदौ २४ गते सरुवा भएर गएपछि भदौ २७ गते प्रमुख प्रशासकीय अधिकृतका रूपमा पुण्यप्रसाद पौडेल हाजिर भएका थिए । कात्तिक ९ गते उनको पनि सरुवा भएपछि गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतविहीन भएको हो ।

'लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा गाउँपालिकाको काम प्रभावित भएको छ', अध्यक्ष राजवंशीले भने, 'गाउँपालिकाको काम ठप्पजस्तै बनेको छ ।'

गाउँपालिकाले आह्वान गर्नुपर्ने बोलपत्रदेखि अन्य दैनिक प्रशासनिक काम गर्न नसकिएको उनले बताए । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रमुख प्रशासकीय अधिकृतको माग गरे पनि हालसम्म नपठाएको उनले गुनासो गरे ।

आवश्यक निर्णय गर्ने, प्रमाणीकरण गर्ने, योजना आह्वान, सम्झौतालगायतका लागि प्रमुख प्रशासकीय अधिकृत अनिवार्य भएकाले मारमा परेको अध्यक्ष राजवंशीले बताए ।

# जीर्ण भवनबाटै स्वास्थ्य सेवा



**वीरगन्ज/मस**- पर्साको बहुदरमाई नगरपालिका-९ विश्रामपुरमा रहेको स्वास्थ्य चौकीको भवन जीर्ण छ । तर। त्यहाँ कार्यरत स्वास्थ्यकर्मीले त्यहि भवनबाट सेवा दिन वाध्य छन् ।

स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर पनि छ । स्वास्थ्यकर्मीले राति यिनै भवनमा बस्ने गरेका छन् ।

यो भवन २०२६ सालमा निर्माण भएको हो । यो स्वास्थ्य चौकी यस क्षेत्रकै पुरानो मध्येको एउटा हो । एक जना कार्यालय सहयोगी र तीन जना स्वास्थ्यकर्मी भवनमा बस्ने गरेका छन् । भवनको अवस्था हेर्दा कुनै पनि बेला भत्किन सक्छ । भवन विभिन्न ठाउँमा चर्किएको छ । सुत्ने कोठा र भान्साको सिलिङ उप्किएर प्लास्टर भुइँमा झरेको छ । वर्षात्को समयमा पानीसमेत चुहिन्छ ।

सिनियर अनमि बिनुकुमारी सहनीका अनुसार गत वर्षको वर्षातमा भान्सा कोठाको सिलिङको प्लास्टर ग्यास चुलामाथि नै झरेको थियो ।

स्वास्थ्य चौकी प्रमुख प्रमोद राउत कुर्मीले बर्थिङ सेन्टर सञ्चालनमा रहेकाले स्वास्थ्यकर्मी राति जीर्ण भवनमै बस्न बाध्य रहेको बताउँछन् । दुई जना अनमि, एक जना वरिष्ठ अनमि र कार्यालय सहयोगीसहित चार जना उक्त भवनमा बस्ने गरेको कुर्मीले बताए ।

नयाँ भवन निर्माणका लागि नगरपालिकामा पटक-पटक पहल गरिए पनि कुनै पहल भएको छैन । सरकारले स्वास्थ्य चौकीका नाममा जग्गाको लालपुर्जा भएमात्र भवन निर्माणका लागि बजेट विनियोजन गर्ने जानकारी आएको स्वास्थ्य चौकी प्रमुख कुर्मीले बताए । यसका लागि जग्गा यकिन गर्ने काम भइरहेको छ ।

भवन निर्माण नहुन्जेल तत्कालका लागि अस्थायी बसोवास मिलाउनसमेत नगरपालिकामा पहल भइरहेको उनले जनाए । उक्त बर्थिङ सेन्टरमा मासिक करिब पाँच जना गर्भवती महिला आउने गरेको विवरण छ । साउनदेखि कात्तिकसम्म २१ जना गर्भवती महिलाले बर्थिङ सेन्टरमा शिशुलाई जन्म दिएको स्वास्थ्य चौकी इन्चार्ज कुर्मीले बताए ।

**स्थायी प्रमाणपत्र हराएको सूचना**

मिति २०८१/०८/१२ गते चन्द्रागिरी-०१, काठमाडौं बाट भक्तपुर जाने क्रममा राष्ट्रिय परिक्षा बोर्डले जारी गरेको तपशिल बमोजिमको व्यहोरा भएको स्थायी प्रमाणपत्र हराएको हुँदा पाउनु हुने व्यक्तिले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु ।

Name: Krishna Kumari Kunwar
School: Gwasi Secondary School
Address: Malakheti, Kailali
NEB Reg. No.: 757126042
Issue No.: 09-036507
Cont. No: 9822666433

Sudurpaschim Province Government
Ministry of Physical Infrastructure Development
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
Sanfebagar, Achham

**Invitation for Bids**

जनकपुरका लागि मोहम्मद मोहसिनले दुई विकेट लिए । किशोर महतो, ललित राजवंशी, हर्ष ठाकेर र जेम्स निसमले समान १-१ विकेट लिए ।

सोमबार नै भएको पहिलो खेलमा चितवन राइनोजले काठमाडौं गुर्खाजलाई पाँच विकेटले पराजित गरेको छ । काठमाडौं गुर्खाजले जितका लागि प्रस्तुत गरेको एक सय १२ रनको लक्ष्य चितवन राइनोजले १७ दशमलव एक ओभरमा पाँच विकेट गुमाएर पूरा गर्‍यो । चितवनका लागि सन्तोष कार्कीले सर्वाधिक २८ रन बनाए । उनले ३१ बल खेल्ने क्रममा दुई चौका र एक छक्का प्रहार गरे । यस्तै लुक बेन्केनस्टाइनले २२, हसन इशाखिलले १२, कप्तान कुशल मल्लले ११ र रवि बोपराले ११ तथा शरद भेषवाकरले अविजित ११ रन बनाए ।

बलिङतर्फ काठमाडौं गुर्खाजका लागि शाहब आलमले तीन तथा गेहार्ड इरास्मस र डान डाउथवेटले एक एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको काठमाडौंले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाउँदै एक सय ११ रन बनायो । काठमाडौंका लागि सुमित महर्जनले ४१ बल खेल्दै एक चौकाको सहयोगमा सर्वाधिक २९ रन जोडे । त्यस्तै माइकल लेभिटले १६ बलमा चार चौका र एक छक्का हान्दै २५ रन बनाए । डान डाउथवेटले अविजित १९ र शंकर रानाले १६ रन बनाए ।

बलिङतर्फ चितवन राइनोजका लागि सोहेल तन्भिर एक्लैले पाँच विकेट लिए । उनले चार ओभर बलिङ गर्दै २१ रन खर्चिए । यस्तै रिजन ढकाल, अमरसिंह राउटेला, कुशल मल्ल र लुक बेन्केनस्टाइनले एक एक विकेट लिए ।

# एसियन प्यासिफिक सितोरियो करातेमा गुरुङ निर्वाचित



**काठमाडौं/मस–** एसियन प्यासिफिक सितोरियो कराते महासंघको अध्यक्षमा दावा गुरुङ निर्वाचित भएका छन् । सिंगापुरमा आइतबार बेलुकी सम्पन्न भएको विशेष अधिवेशन (कंग्रेस)मा नेपाल सितोरियो कराते संघका अध्यक्षसमेत रहेका गुरुङ निर्वाचित भएका हुन् ।

एसियन प्यासिफिकअन्तर्गत सहभागी २८ राष्ट्रमा खसेको २३ मतमध्ये १८ मत प्राप्त गरी गुरुङ निर्वाचित भएको नेपाल सितोरियो कराते संघका प्रवक्ता गजेन्द्रबहादुर खपाङ्गी 'ईश्वर'ले जानकारी गराए । गुरुङगका प्रत्यासी फिलिपिन्सका उम्मेदवारले ८ मत प्राप्त गरेका थिए ।

सिंगापुरमा १६औं एसियन प्यासिफिक प्रतियोगिता सम्पन्न भएपश्चात भएको विशेष अधिवेशन (कंग्रेस)ले आगामी १७औं एसियन प्यासिफिक सितोरियो कराते प्रतियोगिता कहाँ र कुन मितिमा आयोजना गर्ने भन्ने बारेमा एक महिनाभित्रमा निर्णय गरी सार्वजनिक गर्ने नेपाल सितोरियो करातेका संरक्षक युवराज लामाले जानकारी गराए ।

कंग्रेसमा एसियन प्यासिफिक सितोरियो कराते महासंघसँग आबद्ध २८ राष्ट्रका प्रतिनिधि, विश्व सितोरियो कराते महासंघका अध्यक्ष गेन्जो ईवातासहित केनई मावुनी, वाङ तोङ्ग सेङ, रिकी योङ्ग र नेपालको तर्फवाट सितोरियो कराते संघका संरक्षकसमेत रहेका नेपाल कराते महासंघका अध्यक्ष युवराज लामा र सितोरियोका अध्यक्ष दावा गुरुङले सहभागी जनाएका थिए ।

सिंगापुरमा विशेष अधिवेशन (कंग्रेस) हुनु अघि सम्पन्न भएको १६औं एसियन प्यासिफिक सितोरियो कराते प्रतियोगितामा नेपालले २ स्वर्ण, २ रजत र ५ कांस्य पदकसहित कुल ९ पदक हासिल गरेका थिए । नेपाली टोली सोमबार स्वदेश फर्किएको छ ।


## मोटरसाईकल हराएको सूचना

मिति २०८१/०८/१५ गते अ. दिनको १०:३० देखि १५:३० बजेको समयमा काठमाडौं जिल्ला कीर्तीपुर क्रिकेट खेल मैदान नजिक पार्किङगरिराखेकोबा.प्र.०२–०४९प–२४८६ नम्बरको रातो कालो रङको 220cc पल्सर बजाज पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खवर गरिदिनुहोला ।

**सवारी धनि:** रत्न बहादुर पौडेल
**च्यासिस नं.:** MD2A13EX5NCM84983
**इन्जीन नं.:** DKXCNM39309
**सम्पर्क :** ९७६२८८४२१८



## निक्षेप रकम उपर हकदाबी सम्बन्ध ३५ दिने सूचना

यस बैंकका खातावाला श्री अयोध्य लाल कर्णको नाति, श्री जगदीश लाल कर्णको छोरा, महोत्तरी जिल्ला, जलेश्वर नगरपालिका वडा नं. १३ मा बस्ने दिलीप कुमार वर्माको मिति वि.सं. २०८१/०४/०९ (२०२४-०७-२४ ई.सं.) का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको एकल बचत खाता नं. ०२३०११०६००००३०५ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमती प्रिति लाल (कायस्थ)ले २०८१/०८/१० मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सानिमा बैंक
www.sanimabank.com
नयाँबानेश्वर शाखा, काठमाण्डौ, फोन : ०१-४७९१४७०/४७९५२८५
इमेल : newbaneshwor@sanimabank.com



## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, नौविसे शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/०८/१८ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्व सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी वक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथैकर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

**ऋणी –१ को नाम, थर र ठेगाना :**

१. वावुराम अर्यालको छोरी, जय बहादुर खतिवडाको श्रीमती, धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **कान्छी खतिवडा-१** तथा गे बहादुर खत्रीको नाति, जयबहादुर खतिवडाको छोरा, धादिङ जिल्ला, थाके गा.वि.स./उ.म.न.पा. वडा नं. ४ बस्ने **जयन्द्र खतिवडा-१** समेत जना-२ ।

**ऋणी –२ को नाम, थर र ठेगाना :**

१. गे बहादुर खत्रीको नाती, जय बहादुर खतिवडाको छोरा, धादिङ जिल्ला, थाके गा.वि.स./उ.म.न.पा. वडा नं. ४ मा बस्ने **जयन्द्र खतिवडा ।**

**ऋणी –१ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

१. केशव बहादुर अर्यालको छोरी, कृष्ण बहादुर खतिवडाको श्रीमती, धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स./उ.म.न.पा. वडा नं. ४ बस्ने **रमा खतिवडा ।**

२. गे बहादुर खत्रीको नाति, जय बहादुर खतिवडाको छोरा, धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स./उ.म.न.पा. वडा नं. ४ बस्ने **कृष्ण बहादुर खतिवडा ।**

३. विष्णु बहादुर भण्डारीको छोरी, हरि विष्णु खतिवडाको श्रीमती, धादिङ्ग जिल्ला, वैरेनी गा.वि.स./उ.म.न.पा वडा नं. १ बस्ने **सिता भण्डारी ।**

४. गे बहादुर खत्रीको नाति, जय बहादुर खतिवडाको छोरा, धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स./उ.म.न.पा. वडा नं. ६ बस्ने **हरि विष्णु खतिवडा ।**

**ऋणी –२ को व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :**

१. धन बहादुर खतिवडाको नाती, गे बहादुर खत्रीको छोरा, धादिङ्ग जिल्ला, थाक्रे गा.वि.स. वाड नं. ४ बस्ने **जय बहादुर खतिवडा ।**

**ऋणी –१ को धितो सुरक्षणको विवरण :**

**कान्छी खतिवडा**को नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, थाक्रे गा.वि.स./न.पा. वडा नं. ३ स्थित नक्सा सिट नं. ३ख को कित्ता नं. २२५ र २२७ को क्रमशः ३-१-२-१ र ५-४-३-१ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**ऋणी –२ को धितो सुरक्षणको विवरण :**

**जयन्द्र खतिवडा**को नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला, कुम्पुर गा.वि.स./न.पा वडा नं. ७ स्थित नक्सा सिट नं. ७क को कित्ता नं. १०२७ को १-०-०-० (रोपनि) क्षेत्रफल रहेको जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## युएईमा रोजगार

कम्पनी: BAB AL AMAN PLASTER & TILES CONT — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०८/१७ — चलानी नं.: ६०२२९०८४ — LT. No.: 314751

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Layer | 3 | 0 | | 1200 | ४४,०६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.** — श्रम इजाजत पत्र नं. १०२५/०६८/६९
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोन:०१४९५७०४७, मोबाईल: ९८१६९३५५३२, ९८१५१८६५६३
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## साउदीमा रोजगार

कम्पनी : Liqaa Al-Enjaz Equipment Rental Establishment — शहर:Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०७/२० — चलानी नं.: ६०२२७५४९ — L.T. No.: 313089

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 1 | 0 | स. काममा दक्ष | 2500 | ८९,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CLAIRVOYANT FORCE SECURITY SERVICES LLC — शहर:UAE
पूर्व स्वीकृत मिति: २०८१/०१/१० — चलानी नं.: ६०२१८७३६ — L.T. No.: 303694 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 70 | 0 | स. काममा दक्ष | 1600 | ५८,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा काठमाडौंमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**High Quality Overseas Pvt.Ltd.** — License No.: 1269/074/75
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168
981-5127328 | 985-1206728, Email: hiqualitynepal@gmail.com

## Qatar मा रोजगारको अवसर

Company: A TO Z SERVICES — पूर्व स्वीकृति मिति: २०८१/०८/१७ — चलानी नं. ६०२२९०७४ — LT No.: 314740

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR. | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 146 | 0 | [illegible] | 1000 | ३७,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | २ वर्ष |
| २. | General Clean Worker | 0 | 100 | | 1000 | ३७,०००।- | | | | | | |

यसै कम्पनीको लागि Plumbers, Landscaping Supervisors, Irrigation Supervisors, Landscaping Engineers र Spider Cleaner हरुको पनि माग हुने भएकाले नि:शुल्क परापर्शको लागि सम्पर्क गर्नुहोला ।

अन्तरवार्ता २०८१ मंसिर २५ गते (10 Dec., 2024) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौंमा हुनेछ ।

**Continental HRD Consultants Pvt. Ltd.** — Gov.Lic.no.: 983/067/068
Baluwatar, Kathmandu Tel.: 01-4545550, 4530003, 4515055, 9813101269
9851016295, Branch Office Damak-05, Jhapa: 023-582306, 9801414602
Branch Office Pokhara-8, Sabhagrihachowk: 061-581724, 581728, 9810143365
E-mail: continentalnepal01@gmail.com | Web: www.continentalhrd.com

## कतारमा रोजगार

कम्पनी : GULF ASIA CONTRACTING — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/०६/०५ — चलानी नं.: ६०२०७९६५ — L.T. No.: 291786 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 90 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोन: ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

## Bahrain मा रोजगार

कम्पनी: DREAM PROPERTY DEVELOPMENT CO. W.L.L — शहर: ADLIYA
पूर्व स्वीकृत मिति: २०८१/०८/१७ — चलानी नं.: ६०२२९०६७ — L.T. No.: 314732

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 150 | 0 | स. काममा दक्ष | 100 | ३५,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.** — श्रम ईजाजत नं.: १०३४/०७२/०७३
Tokha-11 Bhandari Tole,Tokha,Kathmandu,Nepal.
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com

## साउदीमा रोजगार

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO IS A CLOSED JOINT STOCK COMPANY — शहर: ZULFI
पुर्व स्वीकृत मिति: २०८१/०८/०२ — चलानी नं.: ६०२२८२११ — L.T. No.:313847 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver (Having Heavy Bus License Also - Optional) | 10 | 0 | स. काममा दक्ष | 1800 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २६ गते (11 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सुनकोशी म्यानपावर सर्भिस प्रा.लि.** — Govt. Lic No.: 69/052/53
मैतिदेवी, काठमाडौं, नेपाल, फोन: ०१-४५२२१०८, ४५३३४३६ Email: sunkoshi.kathmandu@gmail.com

## कतारमा रोजगार

कम्पनी: CITY TASK FORCE — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०८१/०८/१७ — चलानी नं.: ६०२२९०६४ — L.T. No.: 314741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 9 | 0 | स. काममा दक्ष | 1500 | ५५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २५ गते (10 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Saptakoshi Human Resource Pvt. Ltd.** — SHR Est. 2010 — Gov. Lic No. 884/067/068
Tilganga-9, Kathmandu Tel: +977- 01-4583525/4583524, Email: info@saptakoshihr.com



## Chulachuli Rural Municipality
## Office of the Rural Municipal Executive

Chulachuli, Ilam
Koshi Province, Nepal

## Invitation for Online Bids

**Date of Publication: 03 Dec. 2024 (2081/08/18)**

1. Chulachuli Rural Municipality, Office of the Rural Municipal Executive, Chulachuli, Ilam invites online Bids under e-procurement system from eligible bidder for the procurement of following works:

| S. N. | Contract Identification Number | Description and Location of Works | Estimated amount without vat and P.S | Bid Security Amount (Nrs) | Cost of Bidding Documents (N RS) | Remarks | Account for Bid purchase |
|---|---|---|---|---|---|---|---|
| 1 | 07/Chulachuli /081/82 | Construction of Rcc culvert in Dudhe khola along Shikharkateri- khasitar road | 30,39,593.40 | 91,000 | 3000 | NCB | Ga-1.1 Rajaswa (Revenue) khata Acc No: 1030060744200030 |

2. For further detail bidders are requested to visit the notice board of Chulachuli Rural Municipality or PPMO's website https://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**
**Chulachuli Rural Municipality**

# विपन्न नागरिकका लागि जलविद्युत् शेयर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ मंसिर ।



जलविद्युत्मा आयोजनामा लगानी गर्न उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विपन्न नागरिकका लागि विना धितो सहुलियत दरमा कर्जाको व्यवस्था गर्ने भएको छ। मन्त्रालयले मुलुकभरका विपन्न नागरिकको जीवनस्तर सुधार्दै देशलाई समृद्ध बनाउन 'जनताको जलविद्युत् कार्यक्रम' अन्तर्गत विपन्न नागरिकलाई जलविद्युत्को शेयर सुनिश्चित गर्न उक्त व्यवस्था गर्न लागेको हो ।

उर्जामन्त्री दीपक खड्काको पहलमा 'जनताको जलविद्युत् कार्यक्रम'को दोस्रो संशोधन गरी गरिब तथा विपन्न घरधुरीका लागि आयोजनाको क्षमता हेरेर दुई लाखदेखि अधिकतम पाँच लाखसम्म विना धितो सहुलियत कर्जा लिएर लगानी गर्न पाउने व्यवस्था गरिएको हो ।

प्राकृतिक स्रोत माथिको अधिकार सबै नागरिकमा समान हुने भएकाले आर्थिक हिसावले विपन्न रहेका नागरिकलाई समेट्ने गरी जलविद्युत्को विकास तथा निर्माणमा नेपाली जनताको सहभागिता र स्वामित्व कायम गरी आन्तरिक पुँजी बजारको माध्यमबाट नेपाली नागरिकलाई जलविद्युत् आयोजना गर्ने उद्देश्यले शेयर लगानी गर्ने र त्यसको प्रतिफल जनताले सुनिश्चित गर्ने व्यवस्था गरिएको हो ।

मन्त्री खड्काले सोमबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी स्रोत माथिको अधिकार सबै नागरिकमा सुनिश्चित गर्न गरिब तथा विपन्न घरधुरीलाई विना धितो सहुलियत कर्जाको व्यवस्था गरिएको बताए । 'स्रोत माथिको अधिकार सबै नागरिकको हुनुपर्छ, गरिब तथा विपन्न वर्गलाई अगाडि बढाउन नसकेसम्म हामीले परिकल्पना गरेको समृद्धि हासिल हुन सक्दैन', उर्जामन्त्री खड्काले भने ।

मन्त्रालयले नेपाल सरकारले परिभाषा गरेका विपन्न नागरिक र स्थानीय तहले सिफारिस गरेका विपन्न नागरिकलाई प्राथमिकता दिएर काम गर्नेछ । पुँजी नहुनेका लागि उक्त कार्यविधि ल्याइएको उनको भनाइ थियो ।

मन्त्री खड्काले जनसंख्याको आधारमा भन्दापनि घरधुरीको आधारमा शेयरको व्यवस्था गरिने बताए । 'यो एउटा आर्थिक क्रान्ति हो, यसले विपन्न वर्गलाई अगाडि बढाउँदै समृद्ध मुलुक निर्माणमा सहयोग पुऱ्याउँछ, सरकार तल्लो वर्गका नागरिक र न्यून आय भएका राष्ट्रसेवक कर्मचारीलाई लक्षित गरी यो कार्यविधि संशोधन गरेको हो', उनले भने ।

सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले नीतिगत सुधारका लागि सरकारले काम गरिरहेको मन्त्री खड्काको भनाइ थियो । सुरुमा आयोजना प्रभावित जिल्ला र प्रसारण लाईन रहेका जिल्लाका विपन्न वासिन्दामा लागू गरिएपनि विस्तारै उक्त व्यवस्थालाई देशभर लागू गरिने मन्त्रालयले जनाएको छ ।

शेयर खरीदका लागि आयोजना निर्माण हुने जिल्लाभित्रका आर्थिक रूपले विपन्न पिछडिएका र गरिब नागरिकलाई बैंक तथा वित्तीय संस्थामार्फत् शतप्रतिशत विना धितो सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउनका लागि कम्पनीले मन्त्रालयको सहयोग लिई आवश्यक व्यवस्था मिलाउने कार्यविधिमा उल्लेख छ ।

स्थानीय सरकारले दिएको घरधुरीको संख्याअनुसार गरिब तथा अति विपन्न वर्गको पहिचान गरी उनीहरुको शेयरको ग्यारेन्टी सरकारले लिनेछ । सरकारले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत देशभर २२ जलविद्युत् आयोजनालाई यसअघि नै अगाडि सारिसकेको छ । जसमा माथिल्लो त्रिशुली, माथिल्लो अरुण, अरुण किमाथांका, घुन्साखोला, सिम्बुवाखोला, रसुवागढी, सान्जेन, अपर सेती, बुढीगण्डकी, भेरी बबई डाइभर्सन, चैनपुर सेतीलगायत रहेका छन् । उक्त कार्यक्रम सञ्चालनमा आएपछि गरिबीको रेखामुनी रहेका लक्षित वर्गको आर्थिक एवम् सामाजिक जिवनस्तरमा सुधार आउने र समग्रमा राष्ट्रिय मानव विकास सुचांकमा समेत यसले सकारात्मक प्रभाव पार्ने उर्जा मन्त्रालयले जनाएको छ ।

# नेपालमा लगानी गर्न विदेशी लगानीकर्तालाई आह्वान



**काठमाडौं/मस** – उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विदेशी लगानीकर्ताले ५० करोडसम्म लगानी गर्न विदेशबाट आवेदन दिन सकिने बताएका छन् । भारतको वाणिज्य तथा उद्योग मन्त्रालय र भारतीय उद्योग परिसंघको आयोजनामा भारतको राजधानी नयाँ दिल्लीमा आजदेखि सुरु भएको दुईदिने २९औं साझेदारी शिखर सम्मेलनको पूर्ण सत्रमा मन्त्री भण्डारीले विदेशी लगानीकर्ताहरूले अनलाइन प्रणालीमार्फत् स्वतः पूर्वस्वीकृति प्राप्त गर्ने जानकारी दिए ।

त्यसैगरी, एफडिआईको थ्रेसहोल्ड पाँच करोडबाट घटाएर दुई करोडमा पुऱ्याइएको र सूचना प्रविधि क्षेत्रमा लगानीको थ्रेसहोल्ड नभएको सो अवसरमा मन्त्री भण्डारीले सम्मेलनमा जानकारी दिए । उनले भने, 'हामीले नेपालमा व्यापार गर्न नीतिगत र कानुनी पक्षमा सुधार गर्न ध्यान केन्द्रित गरेका छौं, लगानीकर्तालाई दर्ता र सुविधा उपलब्ध गराउन १४ एजेन्सीलाई एउटै छानामुनि ल्याएर वन स्टप सर्भिस सेन्टर (ओएसएससी) स्थापना गरिएको छ ।'

मन्त्री भण्डारीले नेपालमा लगानी गर्ने विदेशी लगानीकर्ताहरूले आफ्नो लगानीको नाफा र पुँजीको 'ग्यारेन्टी'सहित उच्च दरमा प्रतिफल प्राप्त गरिरहेका बताए । उनले भने, 'बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय व्यापार सम्झौतामा हाम्रा प्रतिबद्धताले नेपाललाई अन्तर्राष्ट्रिय व्यापारका लागि सबैभन्दा उदार र खुला बजार बनाएको छ ।' नेपालमा नवप्रवर्तन, उद्यमशीलता र लगानीलाई प्रवर्द्धन गर्न सक्षम व्यापारिक वातावरण सिर्जना गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले भने, 'नियामक ढाँचालाई थप सुधार गर्न हाम्रा साझेदारहरूबाट प्रतिक्रिया र सुझावका लागि हामी खुला छौं ।'

मन्त्री भण्डारीले शिखर सम्मेलनमा भएको छलफल र विचार विमर्शले दिगो विकास, नवप्रवर्तन, प्रविधि हस्तान्तरण र समृद्धिलाई अगाडि बढाउन अर्थपूर्ण साझेदारीका लागि मार्ग प्रशस्त गर्नेमा विश्वास व्यक्त गरे । उनले भने, 'आर्थिक समृद्धिका हाम्रा साझा लक्ष्यलाई साकार पार्न पुँजी, नयाँ प्रविधि र विशेषज्ञता ल्याई हामीसँग साझेदार हुन सम्भावित क्षेत्रमा अन्वेषण गर्न म विश्वभरका व्यवसाय र लगानीकर्तालाई आमन्त्रित गर्दछु ।'

'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय नारासहित नेपालले पर्यटन, जलविद्युत्, कृषि, औषधि र सुगन्धित वनस्पति, सूचना प्रविधि तथा उत्पादन जस्ता क्षेत्रमा लगानीका प्रशस्त अवसर प्रदान गरेको सो सम्मेलनमा मन्त्री भण्डारीले बताए । उनले भने, 'अहिले हामी द्विपक्षीय र त्रिपक्षीय व्यवस्थाका साथ हाम्रा छिमेकी मुलुक भारत र बङ्गलादेशमा विद्युत् निर्यात गर्ने अवस्थामा छौं ।'

# सिटिजन लाइफ वुमन्स फोरमद्वारा लैंगिक हिंसासम्बन्धी कार्यक्रम



**काठमाडौं/मस** – सिटिजन्स लाइफ वुमेन्स फोरमले लैङ्गिक हिंसासम्बन्धी कार्यक्रम आयोजना गरेको छ । सिटिजन्स लाइफ कम्पनीले गठन गरेको फोरमले कम्पनीको सातौं वार्षिकोत्सव अवसरमा सो कार्यक्रम गरेको हो ।

कम्पनीले आफ्नो सातौं वार्षिकोत्सवको अवसरमा ११ जना सदस्य सहितको वीमेन्स फोरमको गठन गरेको थियो । यस कम्पनीमा कार्यरत महिला कर्मचारीहरूलाई उत्कृष्ट कार्यस्थल बनाउन समन्वय गर्ने, त्यसबारे आवश्यक पहल गरी त्यस्ता विषयहरू माथि छलफल गर्ने र समस्याहरू देखिएमा समाधान प्रदान गर्न आवश्यक भूमिका खेल्ने उद्देश्यले गठन गरिएको यस फोरमले पहिलो कार्यक्रम सम्पन्न गरेको हो ।

अहिले विश्वव्यापी रूपमा चलिरहेको लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई मध्यनजर गर्दै शुक्रबारको दिन कम्पनीको प्रधान कार्यालयमा 'हामी सबैको प्रतिबद्धता : लैङ्गिक हिंसा अन्त्यको ऐक्यबद्धता' को विषयमा कार्यक्रम सम्पन्न गरेको छ। सो कार्यक्रमको मूख्य श्रोत व्यक्तिको रूपमा राष्ट्रिय महिला आयोगकी सचिव पार्वती अर्यालको उपस्थिति रहेको थियो ।

अर्यालले लैङ्गिक हिंसाको प्रकार, कार्यस्थलमा हुने लैङ्गिक हिंसा, र व्यावसायिक संस्थाहरूले अपनाउनु पर्ने कानुनी व्यवस्थाबारे विस्तृत रूपमा प्रशिक्षित गरिन्। उक्त कार्यक्रममा प्रत्यक्ष र अनलाइनमार्फत् उपस्थित १७८ जना सिटिजनका कर्मचारीहरूलाई लैङ्गिक हिंसा विरुद्ध ऐक्यबद्धता भएर काम गर्न अर्यालले प्रोत्साहन समेत गरिन्।

फोरमकी संयोजक रिता पाठकले आचारसंहिता तयार गरी महिलाहरूको भूमिकालाई प्रोत्साहन र समर्थन गर्ने प्रतिबद्धता जनाउँदै लैङ्गिक हिंसाको पीडितलाई आवाज उठाउन अनुरोध गरेकी थिइन् । त्यस्तै कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत दीपबहादुर बिसीले सुरक्षित र समावेशी कार्यस्थल बनाउने कम्पनीको प्राथमिकता रहेको जनाए ।

# नेसनल लाइफको 'मिट द सीईओ' कार्यक्रम सम्पन्न



**काठमाडौं/मस** – नेशनल लाईफ इन्स्योरेन्स कम्पनीले नेशनल लाईफको मिट द सिइओ कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले मासिक योजना अन्तर्गत तोकिएको लक्ष्य पूरा गर्ने अभिकर्ताहरूलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृतसँग साक्षात्कारसहितको डिनर कार्यक्रम 'मिट द सिइओ' कार्यक्रम सम्पन्न गरेको हो ।

लुम्बिनी प्रदेशबाट योग्य भएका करिब ५५ जना अभिकर्ताहरू, विभागीय प्रमुख, एवं लुम्बिनी प्रदेश अन्तर्गत रहेका शाखा प्रमुखहरूको सहभागितामा प्रमुख कार्यकारी अधिकृत शुरेश खत्रीले लक्ष्य पूरा गर्ने सबै अभिकर्ताहरूलाई मायाको चिनो प्रदान गरेका थिए । साथै स्किममा व्यवस्था भए अनुरूप अर्लि क्वालिफायर विजेता र सर्टिफिकेट अफ एक्सिलेन्स प्राप्त गर्ने सफल अभिकर्ताहरूलाई विशेष सम्मान गरिएको थियो ।

प्रमुख कार्यकारी अधिकृत खत्रीले सो कार्यक्रममा छनौट हुने सम्पूर्ण अभिकर्ताहरूलाई प्रदेशस्तरीय सम्मान गर्ने क्रममा लुम्विनी प्रदेशबाट छनौट हुने अभिकर्ताहरूलाई सम्मान गरेका थिए । उनले समय सान्दर्भिक योजनाहरू प्रस्तुत गर्ने क्रममा मिट द सिइओ स्किम ल्याइएको र नेपालभर बाट ३०० भन्दा बढी अभिकर्ताहरू छनौट भएकोमा लुम्विनी प्रदेशबाट मात्रै ५५ जना अभकिर्ताहरू छनौट हुन सफल भएकोले यस स्किममा जोडिने सम्पूर्ण अभिकर्ताहरूलाई हार्दिक बधाई ज्ञापन गरेका थिए ।

# नेपाल एसबिआई मर्चेन्टको अध्यक्षमा विकास आनन्द



**काठमाडौं/मस** – नेपाल एसबिआई मर्चेण्ट बैकिङ लिमिटेडको सञ्चालकमा विकास आनन्द नियुक्त भएका छन् । बैंकिङ लिमिटेडको सञ्चालक समितिको बैठकले आनन्दलाई नेपाल एसबिआई बैंक लिमिटेडको तर्फवाट सञ्चालकको रूपमा मनोनित गरी पठाए बमोजिम सञ्चालकको रूपमा नियुक्त गरिएको हो ।

आनन्द नेपाल एसबिआई बैंक लिमिटेडको प्रमुख संचालन अधिकृतको पदमा कार्यरत रही नेपाल एसबिआई बैंक लिमिटेडको केन्द्रीय संचालन, मानव संशाधन, कर्जा प्रशासन, सामान्य सेवा तथा कानुन लगायतका मामिला हेर्छन्।

आनन्दले प्रचलित कम्पनी ऐन बमोजिम गोप्यता तथा इमान्दारिताको शपथ ग्रहण पनि गरेका छन् । उक्त शपथ ग्रहण कार्यक्रममा नेपाल एसबिआई मर्चेण्ट बैकिङ लिमिटेडको सञ्चालकहरू राजेशकुमार पांडा, छबिराज पन्त, स्वतन्त्र सञ्चालक नन्दनहरि शर्मा, प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखेल तथा कम्पनीको कम्पनी सचिव खगेश्वर भट्ट लगायतको उपस्थिति थियो ।

# हिमालय एअरलाइन्सबाट प्रधानमन्त्री पुगे बेइजिङ



**काठमाडौं/मस** – प्रधानमन्त्री केपी शर्मा ओलीको विशेष कूटनीतिक उडान हिमालय एअरलाइन्सले संचालन गरेको छ । नेपालको उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गरी प्रधानमन्त्री ओली मंसिर १७ गते जनवादी गणतन्त्र चीनको राजधानी बेइजिङ प्रस्थान गरेका छन् ।

सो भ्रमणमा प्रधानमन्त्रीसँगै परराष्ट्र मन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक र विकास सल्लाहकार डा. युवराज खतिवडा, सासंदहरू, मुख्य सचिव एकनारायण अर्याल, वरिष्ठ सरकारी अधिकारीहरू र विभिन्न उद्योगका प्रतिनिधिहरू संलग्न छन् ।

हिमालय एअरलाइन्सका अध्यक्ष झो एन्योंग वायुयानमा स्वयं उपस्थित भई प्रधानमन्त्री, राधिका शाक्य र प्रतिनिधिमण्डलका सदस्यहरूलाई स्वागत गरेका थिए। उक्त अवसरमा हिमालय एअरलाइन्सका उपाध्यक्ष (प्रशासन) विजय श्रेष्ठले प्रधानमन्त्रीको प्रतिनिधिमण्डललाई बिदाइ गर्न उपस्थित थिए ।

उक्त उडानपछि विजय श्रेष्ठले भने, 'हामीलाई सरकारको प्रमुखको आधिकारिक यात्राको लागि विशेष उडान सञ्चालन गर्ने अवसर प्राप्त हुनु ठूलो सम्मानको कुरा हो, हामीलाई मुलुकको सरकार प्रमुख र देशका उच्चस्तरीय विशिष्ट पदाधिकारीहरू सम्मिलित विशेष उडान सञ्चालन गर्ने अवसरहरू प्रदान गरिदिनुभएकोमा नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छौं, साथै, यस अवसरमा हामी विगतमा नेपाल सरकारको अनुरोधमा हामीले संचालन गरेको काबुलको मानवीय उडान समेत सम्झन चाहन्छौं ।'


## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म वाथरुममा नबसौं

नेपाल सरकार
विज्ञापन बोर्ड



"समृद्ध खाँदबारी नगर"

## खाँदवारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

खाँदवारी, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/१८**

यस खाँदबारी नगरपालिकाद्वारा मिति २०८१/०८/०१ गते प्रकाशित नदिजन्य पदार्थको विक्री कर संकलन गर्ने शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार म्यादभित्र दर्ता भएका शिलबन्दी बोलपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारीस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | आयोजनाको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू. अ. कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | आन्तरीक आय तर्फको अरुण नदि सभाखोलाका विभिन्न बगर तथा घाटहरुको नदिजन्य पदार्थ - ढुङगा गीटी बालुवा ग्राभेल भरौट एवं बलौट विक्री वितरण कार्य, **लम्सुवा घाट बगर, अरुण नदि** ठेक्का संकेत नं KMO/NCB/RAJASWA/02.1/081/082 | श्री सेक्नेपेदन विल्डर्स प्रा. लि. भोटखोला - २, संखुवासभा | रु. ८,०३,०००।- अक्षरुपी आठ लाख तीन हजार मात्र | |

प्रमुख प्रशासकीय अधिकृत
खाँदबारी नगरपालिका


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**